त्यसैले उसको मुख आदिबाट उत्पन्न हुनु त्यस्तै असम्भव हो जसरी बाँझी स्त्रीका छोराको विवाह हुनु असम्भव हुन्छ। मुख आदि अङ्गबाट ब्राह्मण आदि उत्पन्न भएका भए उपादान कारण जस्तै ब्राह्मण आदिको आकृति अवश्य हुन्थ्यो। जसरी मुखको आकृति गोलो हुन्छ त्यस्तै ब्राह्मणहरूको शरीर पनि गोलो मुखको आकृति जस्तै हुनुपर्थ्यो। क्षत्रियहरूको शरीर भुजाजस्तै, वैश्यको तिघ्राजस्तै र शूद्रको शरीर पाउजस्तै आकारको हुनुपर्थ्यो। तर यस्तो हुँदैन। अनि जो जो मुख आदिबाट उत्पन्न भएका थिए उनैको ब्राह्मण नाम हुनुपर्छ, तपाईको होइन भन्ने प्रश्न पनि कसैले गर्न सक्छ? किनभने जसरी सबै जना गर्भाशयबाट उत्पन्न हुन्छन्। त्यस्तै तपाई पनि हुनुहुन्छ। तपाई मुख आदिबाट नजन्मेर पनि ब्राह्मण आदि नामको अभिमान गर्नुहुन्छ। यसकारण तपाईले भनेको अर्थ व्यर्थ छ र हामीले गरेको अर्थ भने सच्चा हो। यस्तै अन्त पनि भनिएको छ—

**शूद्रो ब्राह्मणतामेति ब्राह्मणश्चैति शूद्रताम्।**
**क्षत्रियाज्जातमेदन्तु विद्यात् वैश्यात्तथैव च॥**

—मनस्मृति १०।६५

शूद्र कुलमा उत्पन्न भएर पनि ब्राह्मण, क्षत्रिय र वैश्यको जस्तो गुण, कर्म, स्वभाव भएको व्यक्ति ब्राह्मण, क्षत्रिय र वैश्य हुन्छ, त्यस्तै ब्राह्मण, क्षत्रिय र वैश्यकुलमा उत्पन्न भएको व्यक्तिको गुण,कर्म, स्वभाव शूद्र समान भए त्यो शूद्र हुन्छ, त्यसैगरी क्षत्रिय वा वैश्यको कुलमा उत्पन्न भएर ब्राह्मण वा शूद्रजस्तो गुण, कर्म, स्वभाव भए ब्राह्मण वा शूद्र नै हुन पुग्दछ। अर्थात् चारै वर्णमा जुन स्त्री वा पुरुष जुन वर्ण, सदृश हुन्छ त्यसलाई त्यसैवर्णमा गन्नु पर्छ।

**धर्मचर्य्यमा जघन्यो वर्णः पूर्वं पूर्वं वर्णमापद्यते जातिपरिवृत्तौ॥ १॥**
**अधर्मचर्य्या पूर्वो वर्णो जघन्यं जघन्यं वर्णमापद्यते जातिरिवृत्तौ॥ २॥**

—आपस्तम्ब धर्मसूत्र० २।५।११।१०, ११

यी आपस्तम्बका सूत्र हुन्। धर्माचरण गर्नाले निकृष्टवर्ण आफ्नो भन्दा उत्तम उत्तम वर्ण हुन्छ, त्यो त्यसै वर्णमा गनिनु पर्छ जुन ऊ योग्य हुन्छ॥ १॥

त्यस्तै अधर्माचरण गर्नाले पूर्व–पूर्व अर्थात् उत्तम–उत्तम वर्णको मानिस तल्लो तल्लो वर्णमा प्राप्त हुन्छ र त्यो त्यसै तल्लो वर्णमा गनिनुपर्छ जुन वर्णको योग्य ऊ हुन्छ॥ २॥

जसरी पुरुष जुन वर्ण योग्य हुन्छ त्यसैमा गनिनु पर्छ, त्यस्तै



स्त्रीहरूको पनि व्यवस्था हुन्छ भन्ने जान्नुपर्छ। यस्तो हुनाले सबैवर्ण आ–आफ्नो गुण,कर्म, स्वभावयुक्त भएर शुद्धतापूर्वक बस्दछन् भन्ने कुरा सिद्ध हुन्छ। अर्थात् ब्राह्मण कुलमा कोही क्षत्रिय, वैश्य र शूद्रजस्तो रहने छैन तथा क्षत्रिय वैश्य र शूद्रवर्ण पनि शूद्र रहन्छन्। अर्थात् वर्णसंकरता हुने छैन यसबाट कुनै वर्णको अयोग्यता वा निन्दा पनि हुनेछैन।

**प्रश्न**—कसैको एकमात्र छोरा वा छोरी भए त्योपनि अर्को वर्णमा प्रविष्ट हुँदा उसका आमा–बाबुको सेवा कसले गर्नेछ? अनि वंशच्छेदन पनि हुनेछ। यसको के व्यवस्था हुनुपर्छ?

**उत्तर**—कसैको सेवा मासिने पनि छैन र वंशच्छेदन पनि हुनेछैन। किनभने तिनलाई आफ्ना छोरा छोरीलाई सट्टामा आफ्नै वर्णका योग्य अर्का छोरा छोरी विद्यासभा र राजसभाका व्यवस्थाले प्राप्त हुनेछन्। यसकारण केहीपनि अव्यवस्था हुनेछैन।

यो गुणकर्मबाट वर्ण व्यवस्था कन्याको सोह्रौं वर्ष र पुरुषको पच्चिसौं वर्षका परीक्षामा निर्धारित गरिनु पर्छ। अनि यस क्रमले अर्थात् ब्राह्मण वर्णका ब्राह्मणी, क्षत्रियका क्षत्राणी, वैश्यको वैश्य सँग र शूद्रका शूद्रसँग विवाह हुनु पर्दछ। अनिमात्र आ–आफ्नो वर्णका कर्म र परस्पर प्रीति पनि यथायोग्य रहने छ।

यी चार वर्णका कर्त्तव्य–कर्म र गुण यी हुन्—

**अध्यापनमध्ययंन यजनं या जनं तथा।**
**दानं प्रतिग्रहश्चैव ब्राह्मणानामकल्पयत्॥ १॥**

—मनुस्मृति १।८८

**शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च।**
**ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्मस्वभावजम्॥ २॥**

—भगवद्गीता १५।४२

पढ्नु–पढाउनु, यज्ञ गर्नु–गराउनु, दान दिनु –लिनु ब्राह्मणका यी छ कर्म हुन्। तर **प्रतिग्रहः प्रत्यवरः** (मनुस्मृति १०।१०९) अर्थात् प्रतिग्रह लिनु नीच कर्म हो॥ १॥

**( शम )** मनमा गलत कामगर्न तर्फ इच्छा पनि नगर्नु र उसलाई अधर्म तर्फ कहिल्यै लाग्न नदिनु, (दम) श्रोत र चक्षु आदि इन्द्रियलाई अन्याय आचरण बाट रोकेर धर्माचरणमा चलाउनु, (तप) सदा ब्रह्मचारी जितेन्द्रिय भई धर्मानुष्ठान गर्नु, (शौच)—



PDFill PDF Editor with Free Writer and Tools

**अदिभर्गात्राणि शुध्यन्ति मनः सत्येन शुध्यति।**
**विद्यातपोभ्यां भूतात्मा बुद्धिर्ज्ञानेन शुध्यति॥**

—मनुस्मृति ५।१०९

पानीले बाहिरी अङ्ग, सत्यआचरणले मन, विद्या र धर्मानुष्ठानले जीवात्मा र ज्ञानले बुद्धि पवित्र हुन्छन्। भित्रका रागद्वेष आदि दोष र बाहिरी मयललाई हटाई शुद्ध रहनु अर्थात् सत्य र असत्य विवेकपूर्वक सत्य ग्रहण र असत्यका त्याग निश्चित पवित्रता हुन्छ। **( क्षान्ति )** अर्थात् निन्दा–स्तुति, सुख दुःख, शीत–उष्ण, भोक–तिर्खा, हानि–लाभ, मान–अपमान आदिमा हर्ष वा शोकलाई छोडेर धर्ममा दृढ रहनु, **( आर्जव )** कोमलता, निरभिमानता, सरलता, सरलस्वभाव राख्नु, कुटिलता आदि दोष त्याग्नु, **( ज्ञान )** सबै वेदादि शास्त्र साङ्गोपाङ्ग पढेर पढाउने सामर्थ्य, विवेक सत्य निर्णय=जुन वस्तु जस्तो छ त्यसलाई त्यस्तै अर्थात् जडलाई जड र चेतनलाई चेतन जान्नु र मान्नु, **( विज्ञान )** पृथ्वी देखि परमेश्वर पर्यन्त पदार्थहरूका विशेषतालाई जाने–बुझेर तिनबाट यथायोग्य उपयोग लिनु, **( आस्तिक्य )** वेद, ईश्वर, मुक्ति, पूर्वजन्म, परजन्म, धर्म, विद्या, सत्सङ्ग आमा, बाबु, आचार्य र अतिथिसेवालाई न छोड्नु र निन्दा कहिल्यै न गर्नु, यी पन्द्रह कर्म र गुण ब्राह्मण वर्णमा रहेका मानिसमा अवश्य हुनु पर्दछ॥ २॥

**क्षत्रिय—**

**प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च।**
**विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः॥ १॥**

—मनुस्मृति १।८६

**शौर्य तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम्।**
**दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम्॥ २॥**

—भगवद्गीता १६।४३

**( प्रजानां रक्षणं )** न्यायपूर्वक प्रजा रक्षा अर्थात् पक्षपात नगरि श्रेष्ठहरूलाई सत्कार र दुष्टहरूलाई तिरस्कार गर्नु, हर प्रकारले सबैलाई पालन गर्नु **( दान )** विद्या–धर्मका प्रवृत्तिमा र सुपात्रका सेवामा धन आदि पदार्थ खर्च गर्नु, **( इज्या )** अग्निहोत्र आदि यज्ञ गर्नु र गर्न लगाउनु, **( अध्ययन )** वेदादिशास्त्र पढ्नु र पढ्न लगाउनु र **( विषयेष्व–प्रसक्तिः )** विषयमा नफसेर शरीर र आत्मा सदा बलवान् बनाई रहनु॥ १॥ **( शौर्य्य )** सैकडौं हजारौसित युद्ध गर्न पनि एक्लैलाई भय न हुनु, **( तेज )** सदा तेजस्वी अर्थात् दीनता रहित प्रगल्भ दृढ रहनु, **( धृति )** धैर्यवान् हुनु, **( दाक्ष्य )** राजा र प्रजा सम्बन्धी व्यवहार र सबै शास्त्र जानि अति चतुर हुनु, **( युद्धे )** युद्धमा पनि दृढ निःशङ्क रहनु र युद्धबाट कहिल्यै नहट्नु न भाग्नु अर्थात् निश्चित जीत हुने र आफु बच्ने तरीकाले लड्नु साथै भाग्नाले अथवा शत्रुलाई धोखा दिनाले जीत हुन्छ भने त्यस्तै गर्नु, **( दान )** दानशील बन्नु, **( ईश्वर भाव )** पक्षपात रहित भई सबैसँग यथायोग्य व्यवहार गरनु, विचार दिनु, प्रतिज्ञा पूरा गर्नु, कहिल्यै प्रतिज्ञाभङ्ग हुन नदिनु, क्षत्रिय वर्णका यी एघार कर्म र गुण हुन्॥ २॥

**वैश्य—**

**पशूनां रक्षणं दानलिज्याध्ययनमेव च।**
**वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च॥**

—मनुस्मृति १।९०

**( पशुरक्षा )** गाई आदि पशु पालन पोषण गर्नु **( दान )** विद्या–धर्म वृद्धि गर्न गराउन धन आदि खर्च गर्नु, **( इज्या )** अग्निहोत्र आदि यज्ञ गर्नु, **( अध्ययन )** वेदादि शास्त्र पढ्नु, **( वणिक्पथ )** सबै किसिका व्यापार गर्नु, **( कुसीद )** सयकडा चार, ६, आठ, बाह्र, सोह्र, वा बीस भन्दा बढी ब्याज नलिनु र साँवाँको दोब्बर अर्थात् एक रूपैयाँको दुई रूपैयाँ भन्दा बढी सयवर्षमा पनि नलिनु, नदिनु, **( कृषि )** खेती गर्नु, यी वैश्यका गुण कर्म हुन्॥

**शूद्र—**

**एकमेव हि शूद्रस्य प्रभुः कर्म समादिशत्।**
**एतेषामेव वर्णानां शुश्रूषामनसूयया॥**

—मनुस्मृति १।९१

निन्दा, इर्ष्या, अभिमान आदि दोष त्यागेर ब्राह्मण, क्षत्रिय र वैश्यलाई यथावत् सेवा गर्नु र त्यसैबाट आफ्नो जीवन निर्वाह गर्नु नै शूद्रको एकमात्र कर्मगुण हो।

यी संक्षेपमा वर्णका गुण कर्म लेखिए। जुन व्यक्तिमा जुन वर्णका गुणकर्म छन्, उसलाई त्यसै वर्णको अधिकार दिनु पर्छ। यस्तो व्यवस्था रहँदा सबै मानिस उन्नतिशील हुन्छन्। किनभने उत्तमवर्ण हाम्रा सन्तान मूर्खता आदि दोषयुक्त भए भने शूद्र भई जाने छन् भन्ने डर हुनेछ र सन्तानमा पनि हाम्रो चालचलन उक्तवत् राम्रो भएन र हामी विद्यायुक्त भएनौं भने शूद्र हुनु पर्नेछ भन्ने डर रहने छ साथै नीचवर्णलाई पनि उत्तम वर्णस्थ हुन उत्साह बढ्ने छ।

PDFill PDF Editor with Free Writer and Tools

विद्या र धर्मप्रचारगर्ने अधिकार ब्राह्मणलाई दिनु पर्छ। किनभने ती पूर्ण विद्यावान् र धर्मिक हुनाले त्यस कामलाई यथायोग्य गर्न सक्दछन्। क्षत्रियलाई राज्यको अधिकार दिएमा कहिल्यै राज्य हानि या विघ्न हुँदैन। पशुपालन आदिको अधिकार वैश्यलाई नै दिनु उचित हुन्छ, किनभने ती यी काम राम्ररी गर्न सक्तछन्। शूद्रलाई सेवाको अधिकार यस कारण छ कि ऊ विद्यारहित मूर्ख हुनाले विशेष ज्ञान सम्बन्धी केही पनि काम गर्न सक्तैन तर शरीरका सबै काम गर्न सक्तछ। यसरी सबै वर्णलाई आ–आफ्नो अधिकारमा लगाउनु राजा आदि सभ्यजन ले गर्ने काम हो।

## विवाहका लक्षण

**ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः।**
**गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोऽधमः॥**

—मनुस्मृति ३।२१

विवाह आठ किसिमका हुन्छन्—**पहिलो** ब्राह्म, **दोस्रो** दैव, **तेस्रो** आर्ष, **चौथो** प्राजापत्य, **पाँचौ** आसुर, **छैठौं** गान्धर्व, **सातौं** राक्षस र **आठौं** पैशाच।

यी विवाहहरूका व्यवस्था–वरकन्या दुवै यथावत् ब्रह्मचर्यले पूर्ण, विद्वान्, धार्मिक र सुशील भएर उनीहरूको परस्पर प्रसन्नताले विवाह हुनु '**ब्राह्म**' भनिन्छ। विस्तृत यज्ञ गर्दा ऋत्विक्कर्म गर्नेलाई ज्वाईं बनाएर अलङ्कार युक्त कन्या दिनु '**दैव**' हो। वरबाट केही लिएर कन्याको विवाह हुनु '**आर्ष**' भनिन्छ। धर्मवृद्धिका लागि दुवैको विवाह भएमा '**प्राजापत्य**' हुन्छ। वर र कन्यालाई केही दिएर विवाह हुनु '**आसुर**' अनियम, असमय कुनै कारणले वर कन्याका इच्छापूर्वक संयोग हुनु '**गान्धर्व**', लडाई गरेर बलात्कर अर्थात् छीन् झपट वा कपट पूर्वक कन्यालाई ग्रहण गर्नु '**राक्षस**' र निदाएकी अथवा मद्य आदि पिएर पागल भएकी कन्यासँग बलात्कार संयोग '**पैशाच**' भनिन्छ।

यी सबै विवाहहरूमा ब्राह्म विवाह **सर्वोत्कृष्ट,** दैव र प्रजापत्य **मध्यम,** आर्ष, आसुर र गान्धर्व **निकृष्ट,** राक्षस अधम र पैशाच **महाभ्रष्ट** हो। यसकारण कन्या र वर विवाह हुनु अघि एकान्तमा मेल हुनु हुँदैन भन्ने कुरा निश्चय राख्नु पर्छ। किनभने युवावस्थामा स्त्री पुरुष एकान्तवास दूषणकारक हुन्छ। तर कन्या वा वरको विवाह गर्ने समय भए पछि ब्रह्मचर्याश्रम र विद्यापूर्ण हुनमा एक वर्ष वा ६ महिना बाँकी रहेपछि ती कन्या र कुमारका प्रतिबिम्ब, जसलाई 'फोटोग्राफ' भनिन्छ अथवा



प्रतिकृति उतारेर कन्याका अध्यापिकासँग कुमारका र कुमारका अध्यापकसँग कन्याका प्रतिकृति पठाइदिनुपर्छ। जसको रूप मिल्दछ तिनको इतिहास अर्थात् जन्म देखि लिएर त्यस दिन सम्मको जीवनचरित्र मगाएर अध्यापकहरूले हेर्नुपर्छ। दुबैका गुण कर्म स्वभाव एक समान देखिएमा जसको जो सँग विवाह गर्न उचित देखिन्छ, उनै पुरुष र कन्याका प्रतिबिम्ब र इतिहास कन्या र वरलाई दिएर उनीहरूको अभिमत लिनु पर्छ। दुबैको परस्पर विवाह गर्ने निश्चय भएमा ती दुबैको समावर्तन संस्कार एकै समयमा हुनुपर्दछ। ती दुबैले अध्यापकहरूकै समक्ष विवाह गर्न चाहेमा त्यहीं अन्यथा कन्याका आमा–बाबु आदि भद्रपुरुषहरूका अगाडि ती दुबैको परस्पर कुराकानी, शास्त्रार्थ गराउनु पर्छ। केही गुप्त कुरा सोध्नु पर्ने भए त्यो पनि सभामै लेखेर एक अर्कालाई दिएर प्रश्नोत्तर गर्नु पर्छ। विवाह गर्न दुवैको राम्रो चासो भैसकेपछि तिनका खानपानको राम्रो व्यवस्था हुनु पर्छ। जसबाट पहिले ब्रह्मचर्य, विद्याध्ययनरूप तपश्चर्या र कष्ट बाट दुर्बल भएको शरीर चन्द्रमाको कला जस्तै बढेर केही दिनमै पुष्ट हेओस्। पछि कन्या रजस्वला भएर शुद्धभएका दिन देखि र मण्डप रचेर अनेक सुगन्धित द्रव्य र घ्यू आदि होम तथा अनेक विद्वान् पुरुष र स्त्रीहरूलाई यथायोग्य सत्कार गर्नुपर्छ। पछि ऋतुदान गर्न उचित ठानिएका दिनमा '**संस्कार विधि**' पुस्तकमा लेखिएका विधि अनुसार सबै कर्म गरेर मध्यराती अथवा दश बजे अति प्रसन्नतापूर्वक सबका अगाडि पाणिग्रहण पूर्वक विवाह विधि पूर्ण गरेर एकान्त सेवन गर्नु पर्छ।

विधि अनुसार नै पुरुषले वीर्यस्थापन र स्त्रीले वीर्य्याकर्षण गर्नु पर्छ। सकभर ब्रह्मचर्यका वीर्य्यलाई खेरजान दिनु हुँदैन, किनभने त्यस वीर्य्य वा रजबाट उत्पन्न हुने शरीर अपूर्व र उत्तम सन्तान हुन्छ। वीर्य्य गर्भाशयमा पर्ने बेला हुँदा स्त्री–पुरुष दुवै स्थिर र नाकका अगाडि नाक, आँखाका अगाडि आँखा अर्थात् सोझो शरीर र प्रसन्नचित्त हुनु पर्दछ। पुरुषले आफ्नो शरीरलाई खुकुलो पार्नु र स्त्रीले वीर्य्य प्राप्तिका समयमा अपानवायुलाई मास्तिर तान्नु पर्छ। योनीलाई मास्तिर संकोच गरेर वीर्य्यलाई मास्तिर तानेर गर्भाशयमा स्थिर गर्नुपर्छ। पछि दुबैले शुद्ध जलमा स्नान गर्नु पर्दछ। यो कुरा रहस्य हुनाले यत्तिबाटै सबै कुरा बुझ्नु पर्छ, धेरै लेख्न उचित छैन।

गर्भ रहेको ज्ञान विदुषी स्त्रीलाई त्यसै समय हुन्छ तर यसको निश्चय एक महीना पछि रजस्वला नहुँदा सबैलाई हुन्छ। सुठो, केसर,



PDFill PDF Editor with Free Writer and Tools

अश्वगन्ध, सुकुमेल र काल्पी मिश्री हालेर, तताएर अघि देखिने राखिएको चिसो दूध दुवैले रूचि अनुसार पिएर भिन्नाभन्नै आ–आफ्नो शय्यामा सुत्नु पर्छ। जहिले पनि गर्भाधान क्रिया गर्दा यस्तै विधि गर्न उचित हुन्छ।

एक महीना भरिमा रजस्वला नभएर गर्भ रहेको निश्चय भएदेखि एक वर्षसम्म स्त्रीपुरुष समागम कहिल्यै गर्नु हुँदैन। त्यसरी समागम नगर्दा सन्तान उत्तम र फेरि अर्को सन्तान पनि त्यस्तै नै हुन्छ। अन्यथा वीर्य्य व्यर्थ जान्छ, दुवैको आयु घट्छ र अनेक किसिमका रोग उत्पन्न हुन्छन्। तर दुवैमा राम्रो बोलचाल र प्रेमयुक्त व्यवहार भने अवश्य भइनै रहनु पर्दछ। पुरुषको वीर्य्य स्वप्नमा पनि नष्ट नहुने गरी र गर्भमा बालक अति उत्तम, रूप, लावण्ययुक्त, पुष्टि–बल पराक्रमयुक्त भएर दशौं महीनामा जन्मने गरी पुरुषले वीर्य्य स्थित र स्त्रीले गर्भ रक्षा, खानपान आदि गर्नु पर्दछ। खास गरेर गर्भ रक्षा चौथो महीना देखि अझ धेरै विशेषरूपमा आठौं महीना पछि पनि गर्नु पर्दछ। गर्भवती स्त्रीले कहिल्यै रेचक, रूक्ष, मादक द्रव्य, बुद्धि र बलनाशक पदार्थ आदि सेवन गर्नुहुन्न। उसले घ्यू, दूध, राम्रो चामल, गहुँ मुंगी, मास आदि अन्नपान र देश–कालको पनि सेवन युक्तिपूर्वक गर्नुपर्दछ। गर्भावस्थमा चौथो महीनामा पुंसवन र आठौं महीनामा सीमन्तोन्नयन गरी दुई संस्कार विधिअनुसार गर्नुपर्दछ।

सन्तान जन्मेपछि स्त्री वा पुरुष बच्चाका शरीरलाई रक्षा धेरै सावधानीपूर्वक गर्नुपर्छ। शुण्ठीपाक र सौभाग्यशुण्ठापाक आदि सुत्केरी मसला अगावै बनाउन लगाएर राख्नु पर्दछ। त्यस समय मनतातो सुगन्धित पानीले स्त्रीले स्नान गर्नु र बालकलाई पनि स्नान गराउनु पर्छ। त्यसपछि नाडीछेदन–बालकका नाइटोको फेदमा एक कोमल धागोले बाँधेर चार अङ्गुल छोडेर माथिबाट काट्नु पर्दछ। शरीरबाट रगत एक थोपा पनि न जाने गरी त्यो धागो बाँध्नु पर्दछ। त्ययसपछि त्यस स्थानलाई शुद्ध गरेर त्यस कोठाभित्र सुगन्धी आदि भएको घ्यू आदि होम गर्नु पर्छ। सन्तानका पिताले बच्चाको कानमा '**वेदोऽसीति**' अर्थात् **तेरो नाम वेद हो**' भन्ने सुनाएर घ्यू र मह लिएर सुनका सिन्काले बच्चाका जिब्रामा '**ओ३म्**' अक्षर लेखि मह र घ्यूलाई त्यसै सिन्काले चटाउनु पर्दछ। त्यसपछि बच्चा त्यसकी आमालाई दिनु पर्छ। बच्चाले दूध खान चाहेमा त्यसकी आमाले ख्वाउनु पर्दछ। आमाको दूध नाआएमा कुनै स्त्रीको परीक्षा गरेर त्यसको दूध ख्वाउनु पर्दछ। अनि अर्को शुद्ध



वायु भएका कोठामा सुगन्धित घ्यू होम बिहान र बेलुकी गर्नैपर्छ र त्यसैमा सुत्केरी स्त्री र बालकलाई राख्नु पर्छ।

बच्चालाई ६ दिन सम्म आमाको दूध ख्वाउनु पर्दछ र स्त्रीले पनि आफ्नो शरीर पुष्टिकालागि विभिन्न परिकारका उत्तम खाना खानु र योनिसंकोच आदि गर्नु पर्दछ। छैठों दिन सुत्केरी बाहिर निस्कनु र सन्तानलाई दूध पिलाउन कुनै धाई राख्नु पर्छ। धाईलाई राम्रो खानपान गराउनु पर्छ। त्यसैले बच्चालाई दूध ख्वाउने र पालनपोषण पनि गरोस्। तर त्यसकी आमाले बच्चामाथि पूर्ण ध्यान राख्नु पर्दछ। कुनै किसिमका अनुचित व्यवहार बच्चाका पालनपोषणमा हुनुहुँदैन। स्त्रीले आफ्नो दूध बन्द गर्न स्तनका अग्रभागमा दूध स्रवित नहुने किसिमका लेप गर्नु पर्दछ। त्यसैगरी खानपान र व्यवहार पनि यथायोग्य राख्नु पर्दछ पछि। '**नामकरण**' आदि '**संस्कारविधि**' का तरीकाले यथासमय गर्दै जानु पर्दछ। अनि स्त्री फेरि रजस्वला भएर शुद्ध भएपछि त्यसैगरी ऋतदान गर्नु पर्दछ।

**ऋतुकालाभिगामी स्यात् स्वदारनिरतः सदा।**

—मनुस्मृति ३।५

**ब्रह्मचार्य्येव भवति यत्र तत्राश्रमे वसन्।।**

—मनुस्मृति ३।५०

आफ्नै स्त्रीबाट प्रसन्न रहने र ऋतुगामी व्यक्ति गृहस्थमा पनि ब्रह्मचारी जस्तै हुन्छ।

**सन्तुष्टो भार्यया भर्त्ता भर्त्रा भार्या तथैव च।**
**यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्।। १ ।।**
**यदि हि स्त्री न रोचेत पुमांसन्न प्रमोदयेत्।**
**अप्रमोदात् पुनः पुंसः प्रजनं न प्रवर्त्तते।। २ ।।**
**स्त्रियां तु रोचमानायां सर्वं तद्रोचते कुलम्।**
**तस्यां त्वरोचमानायां सर्वमेव न रोचते।। ३ ।।**

—मनुस्मृति ३।६०–६२

जुन कुलमा पत्नी देखि पति र पति देखि पत्नी राम्ररी प्रसन्न रहन्छन्, त्यसै कुलमा सबै सौभाग्य र ऐश्वर्य निवास गर्दछन्। जहाँ कलह हुन्छ त्यहाँ दुर्भाग्य र दरिद्रता स्थिर हुन्छन् स्त्री पति संग प्रीति न गर्ने र पतिलाई प्रसन्न नगर्ने भए, पति अप्रसन्न हुनाले काम उत्पन्न हुँदैन।

स्त्री प्रसन्न रहे सबै कुल प्रसन्न र स्त्री अप्रसन्न रहे सबै अप्रसन्न



PDFill PDF Editor with Free Writer and Tools

अर्थात् दुःखदायक हुन्छन्॥ ३ ॥

**पितृभिर्भ्रातृभिश्चैताः पतिभिर्देवरैस्तथा।**
**पूज्या भूषयितव्याश्च बहुकल्याणमीप्सुभिः॥ १ ॥**
**यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः।**
**यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः॥ २ ॥**
**शोचन्ति जामयो यत्र विनशत्याशु तत्कुलम्।**
**न शोचन्ति तु यत्रैता वर्द्धते तद्धि सर्वदा॥ ३ ॥**
**तस्मादेताः सदा पूज्या भूषणाच्छादनाशनैः।**
**भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च॥ ४ ॥**

—मनुस्मृति ३।५५–५७, ५९

धेरै कल्याणगर्न इच्छा हुने पिता, दाजुभाई, देवर र पतिले स्त्रीलाई सत्कारपूर्वक आभूषण आदि हरेक किसिमले प्रसन्न राख्नु पर्छ॥ १ ॥

स्त्रीलाई सत्कार हुने घरमा विद्यायुक्त पुरुष भएर देव संज्ञा प्राप्त गरेर आनन्द पूर्वक क्रीडा गर्छन् अनि जुन घरमा स्त्रीलाई सत्कार हुँदैन,त्यहाँ सबै क्रिया निष्फल हुन्छन्॥ २ ॥

जुन घरमा वा कुलमा स्त्रीहरू शोकातुर भएर दुःख पाउँछन्, त्यो फुल शीघ्र नष्ट–भ्रष्ट हुन्छ र जुन घर वा कुलमा स्त्री आनन्दपूर्वक उत्साह र प्रसन्नताले भरिपूर्ण हुन्छन् त्यो कुल सधैं बढ्दै जान्छ॥ ३ ॥

यस कारण ऐश्वर्य कामना गर्नेहरूले सत्कार र उत्सवका समयमा अभूषण, वस्त्र र भोजन आदि द्वारा सधैं स्त्रीलाई सत्कार गर्नु पर्दछ॥ ४ ॥

**'पूजा'** शब्दको अर्थ सत्कार हो भन्ने कुरा ख्याल राख्नु पर्दछ। दिउसो वा राती पहिलोपल्ट भेट्दा वा छुट्टिदा सधैं एक अर्कालाई प्रेमपूर्वक 'नमस्ते' गर्नुपर्छ।

**सदा प्रहृष्टया भाव्यं गृहकार्येषु दक्षया।**
**सुसंस्कृतोपस्करया व्यये चामुक्तहस्तया॥ १ ॥**

—मनुस्मृति ५।१५०

स्त्रीले अत्यन्त प्रसन्नतापूर्वक घरका सबै कामकाज चतुराइयुक्त भएर, सबै पदार्थहरूको उत्तम सरसफाइ र घर शुद्ध राख्नु पर्दछ र खर्च गर्न धेरै उदार हुनु हुँदैन अर्थात् यथायोग्य आवश्यक मात्र खर्च गर्नु पर्छ र सबै सामान सफा, सुग्घर, सुन्दर र पवित्र राख्नु पर्छ र खाना औषधी जस्तो लाभदायक भई शरीर र आत्मामा रोग लाग्न नदिने किसिमका बनाउनु पर्छ। भएको खर्चको हिसाब जस्ताको तस्तै राखेर पति आदिलाई सुनाइदिने गर्नु पर्दछ। घरका नोकर–चाकरसँग यथायोग्य काम लिनु



पर्छ र घरको काम बिग्रन दिनु हुन्न।

**स्त्रियो रत्नान्यथो विद्या सत्यं शौचं सुभाषितम्।**
**विविधानि च शिल्पानि समादेयानि सर्वतः॥**

—मनुस्मृति २।२४०

उत्तम स्त्री, नानाकिसिमका रत्न, विद्या, सत्य, पवित्रता, श्रैष्ठ बोलाइ र नानाकिसिमका शिल्पविद्या अर्थात् सीप र कला सबै देश र सबै मानिसबाट ग्रहण गर्नु पर्छ।

**सत्यं ब्रूयात्प्रियं ब्रू यान्न ब्रू यात् सत्यमप्रियम्।**
**प्रियं च नानृतं ब्रू यादेष धर्मः सनातनः॥ १ ॥**
**भद्रं भद्रमिति ब्रू याद् भद्रमित्येव वा वदेत्।**
**शुष्कवैरं विवादं च न कुर्यात् केनचित् सह॥ २ ॥**

—मनुस्मृति ४।१३, १३९

सधैं प्रिय सत्य, अर्काको हितकारक बोल्नु पर्छ, अप्रिय सत्य अर्थात् काणालाई कानु भन्नु हुँदैन। अर्कालाई प्रसन्न गर्न झूठ बोल्नु हुँदैन॥ १ ॥

सधैं भद्र अर्थात् सबैलाई हित हुने कुरा बोल्नु पर्छ। शुष्कवैर अर्थात् विना अपराध कसैसँग विरोध वा विवाद गर्नु हुन्न॥ २ ॥

अर्काको कल्याणकारी कुरा भन्दा कसैले नराम्रो ठान्ने वा रिसाउने भए पनि नभनी छोड्नु हुँदैन॥

**पुरुषा बहवो राजन् सततं प्रियवादिनः।**
**अप्रियस्य तु पथ्यस्य वक्ता श्रोता च दुर्लभः॥**

—उद्योगपर्व विदुरनीति (महाभारत उ०प०) ३७।१५

हे धृतराष्ट्र! यस संसारमा अर्कालाई निरन्तर प्रसन्न गर्न प्रिय बोल्ने प्रशंसक धेरै छन्। तर सुन्न अप्रिय लाग्ने भए पनि कल्याकारी वचन बोल्ने र सुन्ने व्यक्ति दुर्लभ हुन्छ।

सत्पुरुषहरूले कसैका अगाडि त्यसका दोष भन्ने र आफ्ना दोष सुन्ने अनि परोक्षमा सदा अर्काको गुणमात्र भन्ने गर्नु पर्दछ। दुष्टहरू भने कसैका अगाडि गुणगान गर्ने र परोक्षमा दोष देखाउने वा निन्दा गर्ने गर्दछन्। मानिसले अर्काबाट आफ्ना दोष सुन्ने र अर्कोको दोष त्यसको अगाड़ी भन्ने नगरे सम्म मानिस दोषबाट छुटेर गुणी हुन सक्तैन।

कहिल्यै कसैको निन्दा गर्नु हुन्न। जस्तै—**'गुणेषु दोषारोपणमसूया,** अर्थात् **दोषेषु गुणारोपणमप्यसूया, 'गुणेषु गुणारोपणं दोषेषु दोषारोपणं च स्तुतिः**, गुणहरूमा दोष र दोषहरूमा



PDFill PDF Editor with Free Writer and Tools

गुण देखाउनु '**निन्दा**' र गुणमा गुण तथा दोषमा दोष देखाउनु '**स्तुति**' भनिन्छ। अर्थात् मिथ्याभाषण व झूठ बोल्नु '**निन्दा**' र सत्य बोल्नु '**स्तुति**' हो।

**बुद्धिवृद्धिकराण्याशु धन्यानि च हितानि च।**
**नित्यशास्त्राण्यवेक्षेत निगमांश्चैव वैदिकान्॥ १॥**
**यथा यथा हि पुरुषः शास्त्रं समधिगच्छति।**
**तथा तथा विजानाति विज्ञानं चास्य रोचते॥ २॥**

—मनुस्मृति ४।१९,२०

ब्रह्मचर्याश्रममा पढेका, बुद्धि, धन र हित शीघ्र वृद्धि गर्ने शास्त्र र वेदलाई स्त्री–पुरुष दुबैले नित्य सुन्नु–सुनाउनु, विचार गर्नु र पढ्ने–पढाउने गर्नु पर्छ॥ १॥

किनभने मानिस जति जति शास्त्रलाई राम्ररी बुझ्दै जान्छ उसलाई विशेषज्ञान बढ्दै जान्छ र उसमा रुचि पनि बढ्दै जान्छ॥ २॥

**ऋषियज्ञं देवयज्ञं भूतयज्ञं च सर्वदा।**
**नृयज्ञं पितृयज्ञं च यथाशक्ति न हापयेत्॥ १॥**
**अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञश्च तर्प्पणम्।**
**होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्,॥ २॥**
**स्वाध्यायेनार्चयेतर्षीन् होमैर्देवान् यथाविधि।**
**पितृन् श्राद्धैश्च नृनन्नैर्भूतानि बलिकर्मणा॥ ३॥**

—मनुस्मृति ४।२१, ३, ७०, ३।८१

दुईबटा यज्ञ बारे ब्रह्मचर्य्य प्रसङ्गमा लेखिसकिएको छ। यी अर्थात् पहिलो वेदादिशास्त्र पढ्नु–पढाउनु, सन्ध्योपासना, योगाभ्यास, दोस्रो–देवयज्ञ, विद्वान्हरूसंग सङ्गति सेवा, पवित्रता, दिव्यगुणहरू धारण गर्नु, दातृत्व, विद्या उन्नति गर्नु हो। यी दुवै यज्ञ सायं प्रातः गर्नु पर्ने हुन्छन्—

**सायंसायं गृहपतिर्नो अग्निः प्रातः प्रातः सौमनस्यं दाता॥ १॥**
**प्रातः प्रातर्गृहपतिर्नो अग्निः सायंसायं सौमनस्यं दाता॥ २॥**

—अ० कां० १९। अनु० ७। मं० ३, ४॥

**तस्मादहोरात्रस्य संयोगे ब्राह्मणः सन्ध्यामुपासीत।**
**उद्यन्तमस्तं यान्तमादित्यमभिध्यायन् ॥ ३॥**

—ब्राह्मण (षड्विंशब्राह्मण ४।५, तै० आरण्यक २।२)

**न तिष्ठति तु यः पूर्वां नोपस्ते यश्च पश्चिमाम्।**
**स साधुभिर्बहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः॥ ४॥**

—मनुस्मृति २।१०३



प्रत्येक सायंसमयमा गरिएका होमको हुत द्रव्य प्रातःकालसम्म वायु शुद्धि द्वारा सुखकारी हुन्छ॥ १॥

अग्निमा प्रत्येक प्रातःकाल होमिएको द्रव्य सायंकालसम्म वायु शुद्धि द्वारा बल, बुद्धि र आरोग्यकारक हुन्छ॥ २॥

यसैकारण दिन र रात्रिका सन्धिमा अर्थात् सूर्योदय र सूर्यास्त हुने समयमा परमेश्वर ध्यान र अग्निहोत्र अवश्य गर्नु पर्दछ॥ ३॥

अनि यी दुवै कर्म बिहान बेलुकी न गर्ने व्यक्तिलाई सज्जनहरूले द्विजका कर्मबाट बहिष्कृत गरिदिनु अर्थात् त्यसलाई शूद्रवत् सम्झनु पर्छ॥ ४॥

**प्रश्न**—त्रिकाल सन्ध्या किन गर्नुहुन्न?

**उत्तर**—तीन समयमा सन्धि हुँदैन। उज्यालो र अंध्यारोको सन्धि पनि सायं प्रातः दुई समयमा मात्र हुन्छ। कुनैले यसलाई नमानेर मध्यान्हमा अर्थात् दिउँसो सन्ध्या मानेमा त्यसले मध्यरात्रिमा पनि सन्ध्योपासन किन नगर्ने? अनि मध्यरात्रिमा पनि सन्ध्योपासना गर्न चाहेमा पहर–पहर, घडी–घडी, पल–पल र क्षण–क्षणको पनि सन्धि हुन्छ, तिनमा पनि सन्ध्या गर्ने गर्नु हुन्छ। कसैले यस्तो पनि गर्न चाहेमा यो असम्भव छ, हुनै सक्तैन। अनि मध्याह्न सन्ध्या गर्न कुनै शास्त्र प्रमाण पनि छैन। यसकारण दुई समयमा मात्र सन्ध्या र अग्निहोत्र गर्नु उचित हुन्छ, तेस्रो, समयमा गर्नु उचित हुन्न। साथै तीन मानिएका काल भूत, भविष्यत् र वर्तमान भेदले हो, सन्ध्योपासनको भेदले होइन।

**तेस्रो—पितृयज्ञ** अर्थात् **देव**=विद्वान्हरूलाई, **ऋषि**=पढ्ने–पढाउने–हरूलाई, **पितर**=आमा, बाबु आदि वृद्ध, ज्ञानी र परम योगीहरूलाई सेवा गर्नु हो। पितृयज्ञका **दुई भेदछन्**—पहिलो **श्राद्ध** र दोस्रो **तर्पण**। श्राद्ध अर्थात् श्रत् भनेको सत्य हो। '**श्रत्सत्यं दधाति यया क्रियया सा श्रद्धा श्रद्धाया यत् क्रियते तच्छाद्धम्**' जुन क्रियाबाट सत्यलाई ग्रहण गरियोस् त्यो श्रद्धाले गरिएको कर्म '**श्राद्ध**' हो। '**तृप्यन्ति तर्पयन्ति येन पितृन् तत्तर्पण्**' जुन जुन कर्मबाट तृप्त अर्थात् **जीवित आमा, बाबु आदि पितर प्रसन्न हुन्छन् र प्रसन्न गरिन्छन् त्यसको नाम 'तर्पण' हो। तर यो जीवितका लागि हो मृतककालागि होइन।**

## अथ देवतर्पणम्

**ओं ब्रह्मादयो देवास्तृ प्यन्ताम्। ब्रह्मादिदेवपत्नयस्तृ प्यन्ताम्।**
**ब्रह्मादिदेवसुतास्तृप्यन्ताम्। ब्रह्मदिदेवगणास्तृप्यन्ताम्॥**

—इति देवतर्पणम्।



PDFill PDF Editor with Free Writer and Tools

**'विद्यां सो हि देवाः'** यो शतपथ ब्राह्मणको (३।७।३।१०) वचन हो। विद्वान्लाई नै **'देव'** भनिन्छ। साङ्गोपाङ्ग चारै वेद जान्नेको नाम **'ब्रह्मा'** र त्यो भन्दा कम पढेकाको पनि नाम देव अर्थात् विद्वान हो। उनीजस्तै विदुषी स्त्री उनकी ब्रह्माणी देवी, उनीजस्तै उनका सन्तान र शिष्य तथा उनीजस्तै उनका गण अर्थात् सेवक भए ती सबैको सेवा गर्नु श्राद्ध र तर्पण भनिन्छ।

## अथ ऋषितर्पणम्

**ओं मरीच्यादय ऋषयस्तृप्यन्ताम्। मरीच्याद्यृ षिपत्नयस्तृ प्यन्ताम्। मरीच्याद्यृषिसुतास्तृ प्यान्ताम्। मरीच्याद्यृषिगणास्तृ प्यन्ताम्॥**

—इति ऋषितर्पणम्।

ब्रह्माका नाति मरीचि जसतै विद्वान् भएर पढाउने र उनीजस्तै विद्यायुक्त उनका स्त्रीहरू कन्याहरूलाई विद्यादन दिने, उनीजस्तै उनका पुत्र र शिष्य तथा उनीजस्तै तिनका सेवक छन् भने यी सबैको सेवा र सत्कार गर्नु 'ऋषितर्पण' हो।

## अथ पितृतर्पणम्

**ओं सोमसदः पितरस्तृप्यन्ताम्। अग्निष्वात्ताः पितरस्तृप्यनताम्। बर्हिषदः पितरस्तृप्यन्ताम्। सोमपाः पितरस्तृप्यन्ताम्। हविर्भुजः पितरस्तृप्यान्ताम्। आज्यपाः पितरस्तृप्यन्ताम्। सुकालिनः पितर–स्तृप्यन्ताम्। यमादिभ्यो नमः यमादींस्तर्पयामि। पित्रे स्वधा नमः पितरं तर्पयामि। पितामहाय स्वधा नमः पितामहं तर्पयामि। (प्रपितामहाय स्वधा नमः प्रपितामहं तर्पयामि)। मात्रे स्वधा नमो मातरं तर्पयामि। पितामह्यै स्वधा नमः पितामहीं तर्पयामि। (प्रपितामह्यै स्वधा नमः प्रपितामहीं तर्प्पयामि)। स्वपत्न्यै स्वधा नमः स्वपत्नीं तर्पयामि। सम्बन्धिभ्यः स्वधा नमः सम्बन्धिनस्तर्पवामि। सगोत्रेभ्यः स्वधा नमः सगोत्रांस्तर्पयामि॥ इतिपितृतर्पणम्॥**

हेर्नुहोस्—यजु०अ० ६॥ मनु० अ० ३॥ वृ० पाराशर स्मृति अ ७, श्लोक १६७–१६८

**'ये सोमे जगदीश्वरे पदार्थविद्यायां च सीदन्ति ते सोमसदः'** परमात्मा र पदार्थ विद्यामा निपुण व्यक्ति **'सोमसद'**, **'यैरग्नेर्विद्युतो विद्यागृहीता ते अग्निष्वात्ताः'** अग्नि अर्थात् विद्युत आदि पदार्थलाई जान्ने मानिस **'अग्निष्वात्त'**, **ये बर्हिषि उत्तमे व्यवहारे सीदन्ति ते**



**बर्हिषदः'** उत्तम विद्यावृद्धि हुने व्यावहारमा अवस्थित **'बर्हिषद,'** **'ये सोममैश्वर्यमोषधीरसं वा पान्ति पिबन्ति वा ते सोमपाः'** ऐश्वर्य का रक्षक, महौषधि रसको सेवन गर्नाले निरोगी र अरूको ऐश्वर्यका रक्षक र औषधि दिएर रोग नाश गर्ने व्यक्ति **'सोमपा'**,**'यं हविर्होतुमत्तु मर्हं भुञ्जते भोजयन्ति वा ते हविर्भुज'** मादिक र हिंसाकारक द्रव्यलाई छोडेर शुद्ध वस्तु भोजन गर्ने **'हविर्भुज'**, **'य आज्यं ज्ञातुं प्राप्तुं वा योग्यं रक्षन्ति वा पिबन्ति त आज्यपाः'** जान्नयोग्य वस्तुका रक्षक, घ्यू, दूध आदि खाने पिउने **'आज्यपा'**, **'शोभनः कालो विद्यते येषां ते सुकालिनः** राम्रो धर्म गर्ने सुखमय समय भएका **'सुकालिन्'**, **'ये दुष्टान् यच्छन्ति निगृह्णन्ति ते यमा न्यायाधीशः'** दुष्टहरूलाई दण्ड र श्रेष्ठलाई पालन गर्ने न्यायकारी **'यम'**, **'यः पाति स पिता'** अन्न र सत्कार द्वारा सन्तानलाई रक्षक वा जनक **'पिता'**, **'पितुः पिता पितामहः, पितामहस्य पिता प्रपितामहः'** पिताको पिता **'पितामह'** र पितामहको पिता **'प्रपितामह'**, **'या मानयति सा माता'** अन्न र सत्कारद्वारा सन्तानलाई मान्य गर्ने **'माता'**, **'या पितर्माता सा पितामही, पितामहस्य माता प्रपितामही'** पिताकी माता पितामही र पितामहीकी माता **'प्रपितामही'**, आफ्नी **'स्त्री'**, **'भगिनी'**, **'सम्बन्धी'**, 'एक गोत्रका तथा अन्य कोही भद्रपुरुष वा वृद्ध छन् भने ती सबैलाई अत्यन्त श्रद्धापूर्वक उत्तम अन्न, सुन्दर वाहन आदि दिएर राम्ररी तृप्त गर्नु अर्थात् जुन जुन कर्म गर्दा उनको आत्मा तृप्त र शरीर स्वस्थ रहन्छ, त्यस्तो कर्मद्वारा प्रीतिपूर्वक उनको सेवा गर्नु **'श्राद्ध र तर्पण'** भनिन्छ।

**चौथो**—वैश्वदेव, अर्थात् भोजन तयार भएपछि बनेको भोजनबाट अमिलो, नुनिलो र क्षारीय टर्रो पदार्थ बाहेक घ्यू, मिठाई आदि भएको अन्न लिएर चूलाको आगो छुट्टै राखेर निम्नलिखित मन्त्रले आहुति दिदै भाग लगाउने गर्नु पर्छ।

**वैश्वदेवस्य सिद्धस्य गृह्येऽग्नौ विधिपूर्वकम्।**
**आभ्यः कुर्य्याद्देवताभ्यो ब्राह्मणो होममन्वहम्॥**

—मनुस्मृति ३८४

पाकशालामा तैयार भएका भोजनलाई दिव्यगुणयुक्त पार्न त्यसै पाकाग्निमा निम्नलिखित मन्त्रले नित्य नियमपूर्वक होम गर्ने गर्नु पर्छ। होम गर्ने मन्त्र—

**ओम् अग्नये स्वाहा। सोमाय स्वाहा। अग्नीषोमाग्यां स्वाहा। विश्वेभ्यो देवेभ्यः स्वाहा। धन्वन्तरये स्वाहा। कुह्वै स्वाहा। अनुमत्यै**



PDFill PDF Editor with Free Writer and Tools

**स्वाहा। प्रजापतये स्वाहा। सह द्यावापृथिवीभ्यां स्वाहा स्विष्टकृते स्वाहा॥**

यी प्रत्येक मन्त्रले एक एक आहुति बलेको अग्निमा प्रदान गर्नु पर्दछ। त्यस पछि थालमा अथवा भुईमा पात राखेर त्यस पातमा पूर्वदिशा आदि क्रम अनुसार यी मन्त्रले भाग राख्नु पर्दछ।

**ओम् सानुगायेन्द्राय नमः। सानुगाय यमाय नमः। सानुगाय वरुणाय नमः। सानुगाय सोमाय नमः। मरुद्भ्यो नमः। अद्भ्यो नमः। वनस्पतिभ्यो नमः। श्रियै नमः। भद्रकाल्यै नमः। ब्रह्मपतये नमः। वास्तुपतये नमः। विश्वेभ्यो देवेभ्यो नमः। दिवाचरेभ्यो भूतेभ्यो नमः। नक्तंचारिभ्यो भूतेभ्यो नमः। सर्वात्मभूतये नमः। पितृभ्यः स्वधायिभ्यः स्वधा नमः।**

यी भाग कोही अतिथि भए उनलाई ख्वाउनु अथवा अग्निमा हालिदिनु पर्छ। त्यस पछि नुनिलो खाना दाल, भात, साग, रोटी आदि लिएर छ भाग भूईंमा राख्नु पर्छ। यसमा प्रमाण—

**शुनां च पतितानां च श्वपचां पापरोगिणाम्।**
**वायसानां कृमीणां च शनकैर्निर्वपेद् भुवि॥**

—मनुस्मृति ३।९२

यसरी **'श्वभ्यो नमः, पतितेभ्यो नमः, श्वपग्भ्यो नमः, पापरोगिभ्यो नमः, वायसेभ्यो नमः, कृमिभ्यो नमः,** भाग राखेर कुनै दुःखी भोको प्राणी अथवा कुकुर, काग आदिलाई दिनु पर्दछ। यहाँ 'नमः' शब्दको अर्थ 'अन्न' अर्थात् कुकुर, पापी, चाण्डाल, पापरोगी, काग र कमिला आदिलाई अन्न दिनु हो। यो मनुस्मृति आदिको विधि हो।

हवन गर्नको प्रयोजन भान्साघर वायु शुद्धि र अज्ञात अदृष्ट जीवहरू हत्या भए प्रत्युपकार गर्नु हो।

**अब पाँचौ–अतिथिसेवा, 'अतिथि'** कुनै तिथि निश्चित नभएका अर्थात् अकस्मात् धर्मिक, सत्योपदेशक, सबैका उपकारार्थ सर्वत्र घुम्ने, पूर्णविद्वान्, परमयोगी, सन्यासी कुनै गृहस्थका घर आएमा त्यसलाई **'अतिथि'** भनिन्छ। त्यसलाई सर्वप्रथम पाद्य, अर्घ्य र आचमनीय गरी तीन किसिमको जल दिएर, त्यसपछि सत्कारपूर्वक आसनमा बसाएर खानपान आदि उत्तमोत्तम पदार्थहरूद्वारा सेवा सुश्रूषा गरेर तिनलाई प्रसन्न गर्नुपर्छ। अनि सत्सङ्ग गरेर तीबाट ज्ञान विज्ञान आदि धर्म, अर्थ, काम र मोक्ष प्राप्त हुने किसिमका उपदेश सुन्नुपर्छ र आफ्नो चालचलन पनि उनका सदुपदेश अनुसार नै बनाइराख्नु पर्दछ। समय अनुसार गृहस्थ



र राजा आदि पनि अतिथि जस्तै सत्कार गर्न योग्य हुन्छन्। तर—

**पाखण्डिनो विकर्मस्थान् वैडालवृत्तिकान् शठान्।**
**हैतुकान् बकवृत्तींश्च वाङ्मात्रेणापि नार्चयेत्॥**

—मनुस्मृति ४।३०

**( पाखण्डी )** वेदनिन्दक, वेदविरुद्ध आचरण गर्ने, **( विकर्मस्थ )** वेदविरुद्ध कर्म गर्ने, मिथ्याभाषण आदि युक्त, **( वैडालवृत्तिक )** बिरालोले लुकेर स्थिर भई चियाएर झम्टेर मूसो आदि प्राणिलाई मारेर आफ्नो पेटभर्ने जस्तै बानी भएका विडालवृत्तिका, **( शठ )** हठी, दुराग्रही, अभिमानी, आफू नजान्ने अरुले भनेको नमान्ने, **( हैतुक )** कुतर्की, व्यर्थ बकवादी, जस्तै हिजोआज वेदान्ती, 'हामी ब्रह्म हौं र जगत् मिथ्या हो, वेदादि शास्त्र र ईश्वर पनि कल्पित हो' इत्यादि बकवाद गर्दछन्, **( बकवृत्ति )** जसरी बकुल्लो एउटा खुट्टो उचालेर ध्यानमा बसे झैं भएर तुरुन्तै माछा मारेर आफ्नो स्वार्थ पूर्ण गर्दछ त्यस्तै हिजोआजका वैरागी, खाखी आदि सम्प्रदायका हठी, दुराग्रही, वेद विरोधी हुन्छन्, यस्ताको सत्कार वाणीमात्रले पनि गर्नुहुन्न। किनभने यस्ताको सत्कार गर्नाले यिनीहरूको उन्नति हुन्छ र यी संसारलाई अधर्मयुक्त गर्दछन्। आफैं त अवनतिका काम गर्छन् नै, साथमा सेवकलाई पनि अविद्यारुपी महासागरमा डुबाइदिन्छन्।

यी **'पाँच महायज्ञ'** को फल हो—**'ब्रह्मयज्ञ'** गर्नाले विद्या, शिक्षा, धर्म, सभ्यता आदि शुभ गुणहरू वृद्धि। **'अग्निहोत्र'** ले वायु, वृष्टि, पानी शुद्धि भएर वृष्टिद्वारा संसारलाई सुखप्राप्त हुनु अर्थात् शुद्ध वायु श्वास लिनु, खान–पानद्वारा आरोग्य, बुद्धि, बल, पराक्रम बढेर धर्म, अर्थ, काम र मोक्ष अनुष्ठान पूर्ण हुनु आदि, यसैले यसलाई देवयज्ञ भनिन्छ। **'पितृयज्ञ'** बाट आमा–बाबु र ज्ञानी महात्माहरूलाई सेवा गर्दा ज्ञान बढ्नेछ। त्यसबाट सत्य र असत्य निर्णय गरेर सत्य ग्रहण र असत्य त्याग गरेर सुखी भइने छ। अर्कोकुरा कृतज्ञता–आमा, बाबु र आचार्यले सन्तान र शिष्यलाई जस्तो सेवा गरेको हो, त्यसको बदला दिनु उचितै हुन्छ। **'बलिवैश्वदेव'** को फल अघि भनिआए सरह नै हो। **'अतिथियज्ञ'** जगत्मा उत्तम अतिथि नभएसम्म उन्नति पनि हुँदैन। तिनले सबै ठाउँमा घुम्नाले र सत्योपदेश गर्नाले पाखण्ड वृद्धि हुँदैन तथा सर्वत्र गृहस्थहरूलाई सहजै सत्य विज्ञान प्राप्ति भैरहन्छ। अनि मानवमात्रमा एउटै धर्म स्थिर रहन्छ। अतिथिबिना सन्देह निवृत्ति हुँदैन। सन्देह निवृत्ति विना दृढ निश्चय पनि हुँदैन। निश्चय नभई सुख कहाँ हुनसक्तछ?



PDFill PDF Editor with Free Writer and Tools

**ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थौ चानुचिन्तयेत्।**
**कायक्लेशांश्च तन्मूलान् वेदतत्त्वार्थमेव च॥**

—मनुस्मृति ४।९२

रात्रिको चौथो पहर अथवा चार घडी रातमा उठ्नु आवश्यक कार्य गरेर धर्म र अर्थ, शरीरका रोगहरू निदान र परमात्माको ध्यान गर्नुपर्छ। कहिल्यै अधर्म आचरण गर्नुहुन्न।

किनकी—

**नाधर्मश्चरितो लोके सद्यः फलति गौरिब।**
**शनैरावर्त्तमानस्तु कर्त्तु र्मूलानि कृन्तति॥**

—मनुस्मृति ४।१७

गरिएको अधर्म कहिल्यै निष्फल हुँदैन। तर जुन समयमा अधर्म गरिन्छ त्यसै समय फल पनि प्राप्ति हुँदैन। यसै कारण अज्ञानीहरू अधर्मदेखि डराउँदैनन्। फेरि पनि त्यो अधर्माचरण बिस्तार-बिस्तार सुखका जरालाई काट्दै जान्छ भन्नेकुरा निश्चित बुझ्नु पर्दछ। यस्तै प्रकारले—

**अधर्मेणैधते तावत्ततो भद्राणि पश्यति।**
**ततः सपत्नान् जयति समूलस्तु बिनश्यति॥**

—मनुस्मृति ४।१७४

कुनै पोखरीका वरिपरिको डील भत्काएर पानी चारैतिर फैलिए जस्तै अधर्मात्मा व्यक्ति धर्मका मर्यादालाई छोडेर मिथ्याभाषण, कपट, पाखण्ड अर्थात रक्षागर्ने वेदहरूका खण्डन र विश्वासघात आदि कर्मद्वारा अर्काको धन-सम्पत्ति आदि पदार्थ लिएर उन्नतितर्फ लाग्दछ। त्यसपछि धन आदि ऐश्वर्यले खान-पान, वस्त्र, आभूषण, यान, स्थान, मान, प्रतिष्ठा आदि प्राप्त गर्दछ। अन्यायद्वारा शत्रुलाई पनि जित्छ। अनि अन्तमा जरा काटिएको रूख जस्तै त्यो अधर्मी व्यक्ति शीघ्र नष्ट भै जान्छ।

**सत्यधर्मार्यवृत्तेषु शौचेचैवारमेत् सदा।**
**शिष्यांश्च शिष्याद्धर्मेण वाग्बाहूदरसंयतः॥**

—मनुस्मृति ४।१७५

विद्वान्ले वेदोक्त सत्यधर्म अर्थात् पक्षपात रहित भई सत्य ग्रहण र असत्य परित्याग, न्यायरूप वेदोक्त धर्मादि आर्यवृत्त अर्थात् धर्ममा चल्दै शिष्यलाई शिक्षा दिने गर्नुपर्छ।

**ऋत्विक्पुरोहिताचार्य्यैर्मातुलातिथिसंश्रितैः।**
**बालवृद्धातुरैर्वैद्यैर्ज्ञातिसम्बन्धिबान्धवैः॥ १॥**



**मातापितृभ्यां यामीभियाभ्रात्रा पुत्रेण भार्यया।**
**दुहित्रा दासवर्गेण विवादं न समाचरेते॥ २॥**

—मनुस्मृति ४। १७९, १८०

**( ऋत्विक् )** यज्ञगर्ने व्यक्ति, **( पुरोहित )** सदा उत्तम चालचलन गर्न शिक्षा दिने व्यक्ति, **( आचार्य )** विद्या पढाउने गुरु, **( मातुल )** मामा, **( अतिथि )** आउने-जाने निश्चित तिथि नभएको व्यक्ति, **( संश्रित )** आफ्ना आश्रित, **( बाल )** बालक, **( वृद्ध )** बूढा, **( आतुर )** पीडित, **( वैद्य )** आयुर्वेदका ज्ञाता, चिकित्सक, **( ज्ञाति )** आफ्नो गोत्र वा वर्णका व्यक्ति, **( सम्बन्धी )** ससुरा आदि, **( बान्धव )** मित्र॥ १॥ **( माता )** आमा, **( पिता )** बाबु, **( यामी )** दिदी, बहिनी, **( भ्राता )** दाजु, भाइ, **( मार्या )** पत्नी, **( दुहिता )** छोरी र **( दासवर्ग )** सेवकहरूसँग कहिल्यै विवाद अर्थात् लडाइँ झगडा गर्नुहुन्न॥ २॥

**अतपास्तवनधीयानः प्रतिग्रहरुचिर्द्विजः।**
**अम्भस्यश्मप्लवेनेव सह तेनैव मज्जति॥**

—मनुस्मृति, ४। १९०

**( अतपाः )** ब्रह्मचर्य, सत्यभाषण आदि तपरहित, **( अनधीयानः )** नपढेको र **( प्रतिग्रहरुचिः )** धर्मार्थ हरूबाट बढी दान लिने, यी तिनै ढुङ्गाका नौकामा समुद्र तर्ने जस्तै आफ्ना दुष्टकर्मसँग दुःखसागरमा डुब्दछन्। ती आफू त डुब्छन् नै, दाताहरूलाई पनि साथै डुबाउँछन्॥

**त्रिष्वप्येतेषु दत्तं हि विधिनाप्यर्जितं धनम्।**
**दातुर्भवत्यनर्थाय परत्रादातुरेव च॥** —मनुस्मृति ४। १९३

धर्मद्वारा प्राप्त भएको धन कसैले उक्त तिनैलाई दिन्छ भने त्यो दान दाताको नाश यसै जन्ममा र लिनेलाई परजन्ममा वास गर्दछ। यस्तो हुँदा के हुन्छ भने—

**यथा प्लवेनौपलेन निमज्जत्युदके तरन।**
**तथा निमज्जतोऽधस्तादज्ञौ दातृप्रतीच्छकौ॥**

—मनुस्मृति, ४। १९४

जसरी ढुङ्गाको डुङ्गामा बसेर पानीमा तर्न खोज्ने व्यक्ति डुब्दछन्, त्यस्तै अज्ञानी दाता र ग्रहीता दुवै अधोगति अर्थात् दुःख प्राप्त गर्दछन्।

## पाखण्डीहरूका लक्षण

**धर्मध्वजी सदा लुब्धश्छाद्मिको लोकदम्भकः।**
**वैडालव्रतिको ज्ञेयो हिंस्रः सर्वाभिसन्धकः॥ १॥**



PDFill PDF Editor with Free Writer and Tools

अधोदृष्टिर्नैष्कृतिकः स्वार्थसाधनतत्परः।
शठोमिथ्याविनीतश्च बकव्रतचरो द्विजः॥ २॥

—मनुस्मृति ४। १९५, १९६

**( धर्मध्वजी )** धर्म केही पनि नगर्ने तर धर्मका नामबाट अरूलाई ठग्ने, **( सदालुब्धः )** सधैं लोभी, **( छाद्मिकः )** कपटी, **( लोकदम्भकः )** संसारका अगाडि आफै ठूलो हुँ भन्ने गफमात्र गर्ने, **( हिंस्रः )** प्राणीहरूलाई मार्ने, अरूसँग वैरबुद्धि राख्ने, **( सर्वाभिसन्धक )** सबै सज्जन र दुर्जनहेरूसँग पनि मेलजुल राख्ने व्यक्तिलाई **( वैडालव्रतिकः )** विरालो जस्तै धूर्त र नीच सम्झनु पर्छ॥ १ ॥

**( अधोदृष्टिः )** कीर्तिका लागि निहुँरिरहने, **( नैष्कृतिकः )** ईष्यालु, कसैले अलिकति पनि अपराध गरेको भए त्यसका बदलामा प्राणै लिनसम्म पनि तम्सिने, **( स्वार्थसाधनतत्परः )** कपट, अधर्म र विश्वासघात गरेर पनि आफ्नो स्वार्थ सिद्ध गर्न चतुर, **( शठः )** आफ्नो कुरा झूठो भएपनि कहिल्यै हठ नछोड्ने, **( मिथ्याविनीतः )** झूठमूठ शील, सन्तोष र सज्जनता देखाउने व्यक्तिलाई **( बकव्रतः )** बकुल्लाजस्तै नीच सम्झनुपर्छ। यस्ता लक्षण भएका पाखण्डी हुन्छन्, तिनलाई विश्वास अथवा सेवा कहिल्यै गर्नुहुन्न॥ २॥

**धर्म शनैः सञ्चिनुयाद् वल्मीकमिव पुत्तिकाः।**
**परलोकसहायार्थं सर्वभूतान्यपीडयन्॥ १॥**
**नामुत्र हि सहायार्थं पिता माता च तिष्ठतः।**
**न पुत्रदारं न ज्ञातिर्धर्मस्तिष्ठति केवलः॥ २॥**
**एकः प्रजायते जन्तुरेक एव प्रलीयते।**
**एको नु भडक्ते सुकृतमेक एव च दुष्कृतम्॥ ३॥**

—मनुस्मृति ४। २३८–२४०

**एकः पापानि कुरुते फलं भूङ्क्ते महाजनः।**
**भोक्तारो विप्रमुच्यन्ते कर्त्ता दोषेण लिप्यते॥ ४॥**

—महाभारत उ०प० ३३। ४७

**मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ।**
**विमुखा बान्धवा यान्ति धर्मस्तमनुगच्छति॥ ५॥**

—मनुस्मृति, ४। २४१

धमिराले ढिस्को बनाए झैं स्त्री र पुरुषले कुनै प्राणीलाई कष्ट



नपुर्याई परलोक अर्थात् परजन्म सुख पाउन बिस्तार–बिस्तार धर्म सञ्चय गर्नुपर्छ॥ १॥

किनभने परलोकमा न त आमा, न बाबु, न छोरा, न स्त्री र न नातेदार नै सहायक हुन सक्तछन् तर एक धर्ममात्र सहायक हुन्छ॥ २॥

जीव एक्लै जन्म र मरण हुन्छ, ऊ एकमात्र धर्मको फल सुख र अर्धमको फल दुःख भोग्दछ॥ ३॥

कुटुम्बमा एक व्यक्ति पाप गरेर धन सम्पत्ति आदि पदार्थ ल्याउँछ र सबै कुटुम्बी भोग गर्दछन् भने भोग गर्नेहरू पापको दोषभागी नभई अधर्मगर्ने व्यक्ति नै दोषभागी हुन्छ भन्ने कुरा बुझ्नु पर्दछ॥ ४॥

जब कसैको कोही मर्दछ, त्यसलाई माटोको डल्लो जस्तै भुईमा छोडेर बन्धु–बान्धव विमुख भैजान्छन्। त्यससँग जाने कोही पनि हुँदैन, तर एकमात्र धर्म त्यससंग साथी हुन्छ॥ ५॥

**तस्माद्धर्मं सहायार्थं नित्यं सञ्चिनुयाच्छनैः।**
**धर्मेण हि सहायेन तमस्तरति दुस्तरम्॥ १॥**
**धर्मप्रधानं पुरुषं तपसा हतकिल्बिषम्।**
**परलोकं नयत्याशु भास्वन्त खशरीरिणम्॥ २॥**

—मनुस्मृति ४। २४२, २४३

यसैकारण परलोक अर्थात् परजन्ममा सुख र यो जन्मको सहायताका लागि नित्यप्रति बिस्तार–बिस्तार धर्म सञ्चय गर्दै जानुपर्दछ, किनभने धर्मका सहायताले जीव पारगर्न नसक्ने ठूला–ठूला दुःखसागरलाई पनि पारगर्न सक्तछ॥ १॥

धर्मलाई नै मुख्य सम्झने र धर्मानुष्ठानबाट सारा पाप–ताप नष्ट भई सकेको व्यक्तिलाई धर्म नै प्रकाशस्वरूप आकाश नै शरीर समान भएको परलोक अर्थात् परमात्मासम्म पुर्याउँछ॥ २॥

**यसकारण—**

**दृढकारी मृदुर्दान्तः क्रूराचारैरसंवसन्।**
**अहिंस्रो दमदानाभ्यं जयेत् स्वर्ग तथाव्रतः॥ १॥**
**वाच्यर्था: नियताः सर्वे वाङमूला वाग्विनिः सृताः।**
**तान्तु यः स्तेनयेद्वाचं स सर्वस्तेयकृन्नरः॥ २॥**
**आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः।**
**आचाराद्धनमक्षय्यमाचारो हन्त्यलक्षणम्॥ ३॥**

—मनुस्मृति ४। २४६, २५६, १५६

सदा दृढकारी, कोमलस्वभाव, जितेन्द्रिय, हिंस्रक क्रूर दुष्टाचारी



PDFill PDF Editor with Free Writer and Tools

व्यक्ति भन्दा टाढा रहने, धर्मात्मा, मनमाथि विजय प्राप्त गर्ने र विद्या आदि दान गर्ने व्यक्ति यी कर्म र स्वभावबाट सुख प्राप्त गर्दछन्॥ १ ॥

जुन वाणीमा अर्थ अर्थात् व्यावहार निश्चित हुन्छन् त्यो वाणी नै सबै धर्माचरण आदि मूल हो र वाणीद्वारा नै सबै व्यवहार सिद्ध हुन्छन् भन्ने कुरा ध्यान राख्नु पर्दछ। त्यस वाणीलाई चोर्ने अर्थात् झूठ आदि बोल्ने व्यक्ति चोरी आदि सबै पाप गर्ने हुन्छ॥ २ ॥

यसकारण झूठोबोल्नु आदि अधर्मलाई त्यागेर धर्माचरण अर्थात् ब्रह्मचर्य्य जितेन्द्रियताद्वारा पूर्ण आयु र धर्माचरणद्वारा उत्तम प्रजा तथा अक्षय धन प्राप्त हुन्छ अनि धर्माचरण व्यवहार गर्नाले दुष्ट लक्षणहरू नाश हुन्छन्, अतः यस्तै आचरण सधैं गर्ने गर्नुपर्छ॥ ३ ॥

**किनभने—**

**दुराचारो हि पुरुषो लोके भवति निन्दितः।**
**दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च॥**

—मनुस्मृति ४।१५७

संसारमा दुराचारी व्यक्ति सज्जनहरूबीच निन्दित, दुःखभागी र निरन्तर व्याधियुक्त भएर अल्पायु भोगगर्ने पनि हुन्छ। यसैले यस्तो प्रयत्न गर्नुपर्छ—

**यद्यत्परवशं कर्म तत्तद्यत्नेन वर्जयेत्।**
**यद्यदात्मवशं तु स्यात्तत्तत्सेवेत यत्नतः॥ १ ॥**
**सर्वं परवशं दुःखं सर्वमात्मवशं सुखम्।**
**एतद्विद्यात्समासेन लक्षणं सुखदुः खयोः॥ २ ॥**

—मनुस्मृति ४।१५९, १६०

पराधीन कर्मलाई प्रयत्नपूर्वक त्यागेर स्वाधीन कर्मलाई प्रयत्नपूर्वक गर्ने गर्नुपर्छ॥ १ ॥

किनभने पराधीनताजती सबै दुःख र स्वाधीनताजति सबै सुख, यही सुख र दुःखका लक्षण जान्नु पर्दछ॥ २ ॥

तर एकअर्का अधीन हुने काम भने अधीनताले नै गर्नु पर्दछ, जस्तै स्त्री र पुरुषको परस्पर अधीन व्यवहार अर्थात् स्त्रीले पुरुषँग र पुरुषले स्त्रीसँग परम्पर प्रियआचरण गर्नु, अनुकूल रहनु र व्यभिचार अथवा विरोध कहिल्यै नगर्नु उचित हुन्छ। पुरुष आज्ञानुसार घरका सबैकाम स्त्री अधीन र बाहिरका काम पुरुष अधीन रहनु तथा दुर्व्यसनमा फँस्न नदीन एक अर्कालाई रोक्नुपर्ने कुरा निश्चितरुपमा बुझ्नु पर्दछ।



विवाह भएपछि स्त्रीसँग पुरुष र पुरुषसँग स्त्री बिकिसकेका हुन्छन्। अर्थात् स्त्री र पुरुष दुबैका हाव, भाव र वीर्यादि समेत नखशिखाग्रपर्यन्त सबैकुरा एकअर्काका भई जान्छन्। स्त्री वा पुरुषले परस्पर प्रसन्नता बिना कुनैपनि व्यवहार गर्नुहुन्न। यस्ता अत्यन्त अप्रियकारक काम व्यभिचार, वेश्यागमन, परपुरुषगमन आदि व्यवहार हुन्, यिनलाई छोडेर आफ्ना पतिसँग स्त्री र स्त्रीसँग पतिले सदा प्रसन्न रहनु पर्दछ।

ब्राह्मणवर्णको भए केटालाई पुरुष र केटीलाई सुशिक्षिता स्त्रीले पढाउनुपर्छ। नानाकिसिमका उपदेश र वक्तृत्वद्वारा तिनलाई विद्वान् बनाउनु पर्छ। स्त्रीले पूजनीय देव पति र पुरुषका पूजनीय अर्थात् सत्कार गर्ने योग्य देवी स्त्री हुन। गुरुकुलमा रहेसम्म अध्यापकलाई आमा बाबु सरह र अध्यापकले पनि शिष्यलाई आफ्ना सन्तान सरह ठान्नुपर्दछ। पढाउने अध्यापक र अध्यपिका कस्ता हुनु पर्दछ ?—

**आत्मज्ञानं समारम्भस्तितिक्षा धर्मनित्यता।**
**यमर्था नापकर्षन्ति स वै पण्डित उच्यते॥ १ ॥**
**निषेवते प्रशस्तानि निन्दितानि न सेवते।**
**अनास्तिकः श्रदद्धान एतत्पण्डितलक्षणम्॥ २ ॥**
**क्षिप्रं विजानाति चिरं श्रृणोति,**
**विज्ञाय चार्थं भजते न कामात्।**
**नासम्पृष्टो हयुपथुङ्क्ते परार्थे**
**तत्प्रज्ञानं प्रथमं पण्डितस्य॥ ३ ॥**
**नाप्राप्यमभिवाञ्छन्ति नष्टं नेच्छन्ति शोचितुम्।**
**आपत्सु च न मुह्यन्ति नराः पण्डितबुद्धयः॥ ४॥**
**प्रवृत्तवाक् चित्रकथ ऊहवान् प्रतिभानवान्।**
**आशु ग्रन्थस्य बक्ता च यः स पण्डित उच्यते॥ ५ ॥**
**श्रुतं प्रज्ञानुगं यस्य प्रज्ञा चैव श्रुतानुगा।**
**असंभिन्नार्यमर्यादः पण्डिताख्यां लभेत सः॥ ६ ॥**

—यी सबै महाभारत उद्योगपर्व विदुरप्रजागरका (अ० ३३। २०, २१, २७, २८, ३३, ३४) श्लोक हुन्।

**अर्थ**—जसलाई आत्मज्ञान सम्यक् आरम्भ अर्थात् जो निकम्मा अल्छी कहिल्यै हुँदैन, सुख-दुःख, हानि-लाभ, मान-अपमान, निन्दा-स्तुति आदिमा हर्ष वा शोक कहिल्यै गर्दैन, नित्य निश्चितरूपमा धर्ममा नै रहन्छ र जसका मनलाई उत्तम-उत्तम पदार्थ अर्थात् विषय सम्बन्धी



PDFill PDF Editor with Free Writer and Tools

वस्तु आकर्षण गर्न सक्तैनन्, त्यही पण्डित भनिन्छ॥ १ ॥

सदा धर्मयुक्त कर्मलाई सेवन र अधर्मयुक्त कर्मलाई त्याग गर्नु, ईश्वर, वेद, सत्याआचरणलाई निन्दा नगर्नु र ईश्वर आदिमा अत्यन्त श्रद्धालु हुनु नै पण्डितको कर्त्तव्याकर्त्तव्य कर्म हो॥ २ ॥

कठिन विषयलाई पनि शीघ्र जान्न सक्नु, धेरै समयसम्म शास्त्र पढ्नु, सुन्नु र विचार गर्नु, केही जानिएको कुरालाई परोपकारमा प्रयुक्त गर्नु, आफ्नो स्वार्थका लागि कुनै काम नगर्नु, नसोधी अथवा उचित समय नबुझी अर्काका कुरामा सम्मति नदिनु, यही पण्डितको पहिलो चिह्न हुनु पर्दछ॥ ३ ॥

प्राप्तगर्न अयोग्य कामना कहिल्यै नगर्ने, नष्ट भएको पदार्थप्रति शोक नगर्ने, आपत्कालमा मोह नगर्ने अर्थात् व्याकुल नहुने व्यक्ति नै बुद्धिमान् पण्डित हो॥ ४॥

सबै विद्या र प्रश्नोत्तर गर्न अतिनिपुण वाणी भएको, शास्त्रका विचित्र प्रकरणहरूको वक्ता, यथायोग्य तर्क गर्ने, स्मृतिमान र ग्रन्थहरूका अर्थ शीघ्र वक्तालाई नै पण्डित भनिन्छ॥ ५ ॥

सुनिएका सत्य अर्थ अनुकूल प्रज्ञा र बुद्धि अनुसार श्रवण गर्ने प्रवृत्ति भएको र आर्य अर्थात् श्रेष्ठ धार्मिक पुरुषहरूका मर्यादालाई कहिल्यै भङ्ग नगर्ने व्यक्तिलाई नै पण्डित भनिन्छ॥ ६ ॥

यस्ता यस्ता स्त्री–पुरुष पढाउने ठाउँमा विद्या, धर्म र उत्तम आचरणक वृद्धि भएर प्रतिदिन आनन्द बढ्दै जान्छ।

पढाउन अयोग्य र मूर्खका लक्षण—

**अश्रुतश्च समुन्नद्धो दरिद्रश्च महामनाः।**
**अर्थांश्चाऽकर्मणा प्रेप्सुर्मूढ इत्युच्यते बुधैः॥ १ ॥**
**अनाहूतः प्रविशति ह्यपृष्टो बहु भाषते।**
**अविश्वस्ते विश्वसिति मूढचेता नराधमः॥ २ ॥**

यी श्लोक पनि महाभारत उद्योगपर्व विदुरप्रजागरका (अ० ३३। श्लोक ३५,४१) हुन्।

**अर्थ**—कुनै शास्त्र नपढेको, नसुनेको भएर पनि अत्यन्त घमण्डी, दरिद्र भएर पनि ठूला–ठूला मनोरथ गर्ने र कर्म नगरी पदार्थ पाउन इच्छा गर्नेलाई बुद्धिमान् व्यक्ति मूर्ख भन्दछ्॥ १ ॥

नबोलाई सभा वा कसैको घरमा पुग्ने, उच्च आसनमा बस्न चाहने, सभामा नसोधी धेरै बोल्ने, विश्वासगर्न अयोग्य वस्तु वा मानिसमा विश्वासगर्ने व्यक्ति मूर्ख र सबै मानिसहरूमा नीच मानिन्छ॥ २ ॥



यस्ता व्यक्ति अध्यापक, उपदेशक, गुरु र माननीय भएका ठाउँमा अविद्या, अधर्म, असभ्य, कलह, विरोध र फूट बढेर दुःखै दुःख बढ्दै जान्छन्।

अब विद्यार्थीहरूका लक्षण—

**आलस्यं मदमोहौ च चापलं गोष्ठिरेव च।**
**स्तब्धता चाभिमानित्वं तथाऽत्यागित्वमेव च।**
**एते वै सप्तदोषाः स्युः सदा विद्यार्थिनां मताः॥ १ ॥**
**सुखार्थिनः कुतो विद्या कुतो विद्यार्थिनः सुखम्।**
**सुखार्थी वा त्यजेद्विद्यां विद्यार्थी वा त्यजेत्सुखम्॥ २ ॥**

—यी पनि विदुर प्रजागरका (अ० ४०। श्लोक ५, ६) हुन्।

आलस्य, शरीर र बुद्धि नशा र मोह=कुनै वस्तुमा फसावट, चञ्चलता, यताउतिका व्यर्थ कुरा गर्नु–सुन्नु, पढ्दा–पढाउँदा रोकिनु, अभिमानी र अत्यागी हुनु, यी सात दोष विद्यार्थीमा हुन्छन्॥ १ ॥ यी दोष हुनेलाई विद्या कहिल्यै आउँदैन॥

सुख भोग गर्न इच्छा गर्नेलाई विद्या कहाँ? र विद्या पढ्नेलाई सुख कहाँ? विषयसुख चाहनेले विद्यालाई र विद्या चाहनेले विषयसुखलाई छोडिदिनुपर्छ॥ २ ॥ यस्तो नगरी कहिल्यै विद्या आउन सक्तैन। अनि यस्तालाई विद्या आउँछ—

**सत्ये रतानां सततं दान्तानामूर्ध्वरेतसाम्।**
**ब्रह्मचर्यं दहेद्राजन् सर्वपापान्युपासितम्॥ १ ॥**

सदा सत्य आचरणमा लागिरहने, जितेन्द्रिय र कहिल्यै वीर्य अधःस्खलित नभएका व्यक्ति नै सच्चा ब्रह्मचारी हुन्छन् र उनै विद्वान् हुन्छन्॥ १ ॥ यसकारण अध्यापक र विद्यार्थीहरूले शुभ लक्षणयुक्त हुनुपर्दछ।

विद्यार्थिहरू सत्यवादि, सत्यमानी, सत्यकारी, सभ्यता, जितेन्द्रियता, सुशीलता आदि शुभगुणयुक्त, शरीर र आत्मा बल बढाएर समग्र वेदादि शास्त्रका विद्वान् होऊन् भन्ने किसिमको प्रयत्न अध्यापकहरूले गर्नुपर्दछ। उनीहरूका कुचेष्टा छुटाउन र विद्या पढाउन सदा प्रयत्न गर्नुपर्छ र विद्यार्थीहरूले सदा जितेन्द्रिय, शान्त, पढाउने–हरूलाई प्रेमविचारशील, परिश्रमी भएर पूर्ण विद्या, पूर्ण आयु, परिपूर्ण धर्म र पुरुषार्थ गर्नुपर्दछ। इत्यादि ब्राह्मणवर्णका काम हुन्। क्षत्रियहरूका कर्म राजधर्ममा भनिने छन्।

वैश्यले ब्रह्मचर्यादि पूर्वक वेदादि विद्या पढेर, विवाह गरेर,



PDFill PDF Editor with Free Writer and Tools

नानादेशका भाषा, नानाप्रकारका व्यापारका तरीका, उनका भाउ जान्ने, बेच्ने, किन्ने, द्वीप–द्वीपान्तरमा जाने आउने, धन बढाउने, विद्या र धर्म उन्नतिका लागि खर्च गर्ने, सत्यवादि, निष्कपटी भएर सत्यताले सबै व्यापार गर्ने र नष्ट नहुनेगरी सबै वस्तुहरू रक्षा गर्ने आदि कार्य गर्नुपर्दछ।

शूद्रले सबै सेवामा चतुर र पाक विद्यामा निपुण भएर द्विजलाई सेवा गरेर तिनैबाट आफ्नो जीविका प्राप्त गर्नु पर्दछ र द्विजले यिनको खान–पान, वस्त्र, स्थान, विवाह आदिमा हुने सम्पूर्ण व्यय दिने गर्नुपर्छ अथवा मासिक निश्चित गरिदिनुपर्दछ।

चारै वर्णले परस्पर प्रीति, उपकार, सज्जनता, सुख, दुःख, हानि, लाभमा एकमत भएर राज्य र प्रजाका उन्नतिमा तन, मन, धन व्यय गर्ने गर्नुपर्दछ।

स्त्री र पुरुष वियोग कहिल्यै हुनुहुन्न। किनभने—

**पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम्।**
**स्वप्नोऽन्यगेहवासश्च नारीसन्दूषणानि षट्॥**

—मनुस्मृति ९। १३

जाँड–रक्सी, गाँजा–भाँग आदि मादक द्रव्यसेवन गर्नु, दुष्टपुरुषसंग संसर्ग, पति–वियोग, एक्लै यताउति व्यर्थ पाखण्डी आदि दर्शनका निहुँले हिंड्नेगर्नु र अरूका घरमा गएर सुत्नु वा वास वस्नु, यी छ स्त्रीलाई दूषित गर्ने दुर्गुण हुन् र यी पुरुषका लागि पनि त्यत्तिकै हुन्। पति र पत्नीको वियोग दुई किसिमको हुन्छ—पहिलो कतै कार्यविशेषले अर्को ठाउँमा जानु र अर्को मृत्युबाट वियोग हुनु। यसमा पहिलोको उपाय हो, कतै टाढा ठाउँ यात्रामा जानुपर्दा पत्नीलाई पनि सँगै लैजानु। धेरै समयसम्म वियोग रहनु हुन्न भन्नु नै यसको प्रयोजन हो।

**प्रश्न**—स्त्री वा पुरुषको बहु विवाह हुनु ठीक हो वा होइन?

**उत्तर**—युगपत् अर्थात् एकै समयमा हुँदैन।

**प्रश्न**—के समयान्तरमा अनेक विवाह हुनु उचित हो?

**उत्तर**—हो, जस्तै—

**या स्त्री त्वक्षतयोनिः स्याद् गतप्रत्यागतापि वा।**
**पौनर्भवेन भर्त्रा सा पुनः संस्कारमर्हति॥**

—मनुस्मृति ६। १७६

कुनै स्त्री वा पुरुषको पाणिग्रहण संस्कार भई सकेतापनि संयोग भएको छैन भने अर्थात् अक्षतयोनि स्त्री र अक्षतवीर्य पुरुष छ भने तिनको अन्य स्त्री वा पुरुषसँग पुनर्विवाह हुनुपर्दछ। तर ब्राह्मण, क्षत्रिय



र वैश्व वर्णमा क्षतयोनि स्त्री र क्षतवीर्य पुरुषको पुनर्विवाह हुनुहुन्न।

**प्रश्न**—पुनर्विवाहमा के दोष छ?

**उत्तर**—पहिलो, स्त्री–पुरुषमा प्रेम कम हुनु, किनभने मनपरी रूपमा पुरुषलाई स्त्री र स्त्रीलाई पुरुषले छोडेर अर्कैसँग सम्बन्ध गर्नेछन्। दोस्रो, स्त्री वा पुरुषले पति वा पत्नीको मृत्यु पछि अर्को विवाह गर्न चाहँदा पहिली पत्नी वा पहिलो पतिको सामान लैजाने र उनका कुटुम्बीहरू तीसँग झगडा गर्नेछन्। तेस्रो, धेरैजसो भद्रकुलका नाम वा चिह्न पनि नरहेर त्यसकुलका पदार्थ छिन्न–भिन्न हुनेछन्। चौथो, पतिव्रता र पत्नीव्रत धर्म नष्ट हुने आदि दोषका कारण द्विजमा पुनर्विवाह वा अनेक विवाह कहिल्यै हुनु हुँदैन।

**प्रश्न**—वंशच्छेद भएर पनि उसका कुल नष्ट हुनेछ र स्त्री पुरुष व्यभिचार आदि गरेर गर्भपतन आदि धेरै दुष्ट कर्म गर्नेछन्, यसकारण पुनर्विवाह हुनु राम्रो हो, होइन र?

**उत्तर**—होइन, होइन, किनभने स्त्री र पुरुषले ब्रह्मचर्यमा स्थिर रहन चाहेमा कुनैपनि उपद्रव हुनेछैन र कुलको परम्परा राख्नु कुनै आफ्नै स्वजातिको बच्चा काखमा लिनेछन् र त्यसैबाट कुल चल्नेछ र व्यभिचार पनि हुनेछैन, अनि ब्रह्मचर्य राख्न नसके नियोग गरेर सन्तानोत्पत्ति गर्नुपर्छ।

**प्रश्न**—पुनर्विवाह र नियोगमा के फरक छ?

**उत्तर**—पहिलो, जस्तै विवाह गर्दा कन्या आफ्नो पिताको घर छोडेर पतिको घर जान्छे र पितासँग विशेष सम्बन्ध रहँदैन भने नियोगमा विधवा स्त्री त्यसै विवाहित पतिको घरमा बस्तछे। दोस्रो, त्यसै विवाहिता स्त्रीका छोरा त्यसै विवाहित पतिका अंशियार हुन्छन् र विधवा स्त्रीका छोरा न त वीर्यदाताका पुत्र भनिन्छन्, न उसको गोत्र हुन्छ र उसको आफ्नोपन पनि ती छोराप्रति हुँदैन तर ती मृतपतिकै छोरा भनिन्छन्, उसैको गोत्र हुन्छ र उसैको धन–सम्पत्तिका अंशियार भएर त्यसै घरमा बस्तछन्। तेस्रो, विवाहित स्त्री–पुरुषले परस्पर सेवा गर्नु आवश्यक हुन्छ र नियुक्त स्त्री–पुरुषको केही पनि सम्बन्ध रहँदैन। चौथो, विवाहित स्त्री–पुरुषको सम्बन्ध मृत्युपर्यन्त रहन्छ र नियुक्त स्त्री–पुरुषको सम्बन्ध कार्यपछि छुट्टछ। पाँचौ, विवाहित स्त्री–पुरुष आपसमा घरका कार्य सिद्ध गर्न यत्न गर्ने गर्दछन् र नियुक्त स्त्री–पुरुष आ–आफ्ना घरका काम गर्दछन्।

**प्रश्न**—विवाह र नियोगका नियम उस्तैछन् अथवा बेग्ला बेग्लै



PDFill PDF Editor with Free Writer and Tools

छन् ?

**उत्तर**—केही फरक छन्। जे–जति माथि भनिसकियो ती सबै र त्यसबाहेक विवाहित स्त्री–पुरुष एक पति र एकै पत्नी मिलेर दश सन्तानसम्म उत्पन्न गर्न सक्तछन् भनिएपनि (नेपालको वर्तमान कानुनले छोरा वा छोरी दो सन्तानमात्र जन्माउन सकिन्छ) र नियुक्त स्त्री वा पुरुष दुई वा चार भन्दा बढी सन्तानोत्पत्ति गर्न पाउँदैनन्। अनि जसरी कुमार वा कुमारीकै विवाह हुन्छ त्यस्तै जसको स्त्री वा पुरुष मर्दछ तिनकै नियोग हुन्छ, कुमार वा कुमारीको हुँदैन। जसरी विवाहित स्त्री–पुरुष सदा सँगै रहन्छन् त्यस्तै नियुक्त स्त्री–पुरुषको व्यवहार नभई ऋतुदानको समय बाहेक एकत्र हुँदैनन्। स्त्रीले आफ्नो लागि नियोग गरेमा दोस्रो गर्भ रहेकै दिनदेखि स्त्री–पुरुषको सम्बन्ध छुट्तछ र पुरुषले आफ्नो लागि गरेपनि दोस्रो गर्भ रहेदेखि सम्बन्ध छुट्तछ, तर त्यसै नियुक्त स्त्रीले दुई तीन वर्षसम्म ती बच्चालाई पालन गरेर नियुक्त पुरुषलाई दिनुपर्दछ। यसरी एउटी विधवा स्त्रीले दुई सन्तान आफ्नो लागि र दुई–दुई अरू चारजना नियुक्त पुरुषका लागि र एउटा विधुर पुरुषले पनि दुई आफ्नो लागि र दुई–दुई अरू चार विधवाका लागि सन्तान उत्पन्न गर्न सक्तछन्। यसरी जम्मा दश–दश सन्तानोत्पत्तिको आज्ञा वेदमा पनि छ। जस्तै—

**इमां त्वमिन्द्र मीढ्वः सुपुत्रां सुभगां कृणु।**
**दशास्यां पुत्राना धेहि पतिमेकादशं कृधि॥**

—ऋग्वेद, मं० १०। सू० ८५। मं० ४५

हे **(मीढ्व इन्द्र)** वीर्यसेचन समर्थ ऐश्वर्ययुक्त पुरुष! तिमी यस विवाहिता स्त्री वा विधवा स्त्रीहरूलाई श्रेष्ठ पुत्र र सौभाग्ययुक्त गर। यस विवाहिता स्त्रीमा दश पुत्र उत्पन्न गर र एघारौं स्त्रीलाई मान। हे स्त्री! तिमी पनि विवाहित पुरुष वा नियुक्तपुरुषहरूबाट दश सन्तान उत्पन्न गर र एघारौं पतिलाई सम्झ। वेदको यस आज्ञा अनुसार ब्राह्मण, क्षत्रिय र वैश्व वर्णका स्त्री र पुरुषले दश दश सन्तानभन्दा बढी उत्पन्न गर्नुहुन्न। किनभने बढी गर्नाले सन्तान निर्बल, निर्बुद्धि, अल्पायु हुन्छन् तथा स्त्री र पुरुष पनि निर्बल, अल्पायु र रोगी भएर वृद्धावस्थामा धेरै दु:ख पाउँछन्।

**प्रश्न**—यो नियोगको कुरा व्यभिचार जस्तै लाग्छ ?

**उत्तर**—जसरी विवाह नभएकाहरूको व्यभिचार हुन्छ, त्यस्तै नियुक्त नगरिएकाको व्यभिचार भनिन्छ। यसबाट के सिद्ध भयो भने



जसरी नियमपूर्वक विवाह भएपछि व्यभिचारी भनिदैन त्यस्तै नियमपूर्वक नियोग हुँदा व्यभिचार भनिने छैन। जस्तै—अर्काको कन्याको अर्कैको कुमारसँग शास्त्रोक्त विधिपूर्वक विवाह भएपछि समागममा व्यभिचार वा पाप, लाज मान्नुहुन्न।

**प्रश्न**—कुरा त ठीक हो, तर यो वेश्याको कर्म जस्तै देखिन्छ।

**उत्तर**—होइन, किनभने वेश्याको समागममा कुनै निश्चित पुरुष वा कुनै नियम हुन्न र नियोगमा भने विवाहको जस्तै नियम हुन्छन्। जसरी विवाहपछि अर्कालाई छोरी दिन वा अर्कासँग समागम गर्न लाज हुँदैन, त्यस्तै नियोगमा पनि हुनुपर्दछ। अनि व्यभिचारी पुरुष वा स्त्रीको विवाह भएपछि पनि उनीहरू के कुकर्म गर्न छोड्छन् र ?

**प्रश्न**—हामीलाई नियोगका कुरामा पाप हुन्छ जस्तो लाग्छ।

**उत्तर**—नियोगका कुरामा पाप मान्छौ भने विवाहमा पाप किन मान्दैनौ ? पाप त नियोगलाई रोक्ता हुन्छ। किनभने वैराग्यवान् पूर्णविद्वान् योगीहरूबाहेक ईश्वर सृष्टिक्रमअनुकूल स्त्री–पुरुषका स्वाभाविक व्यवहार रोकिन सक्तैनन्। गर्भपतनरूप भ्रूणहत्या र विधवा स्त्री तथा विधुर पुरुषहरूको महासन्तापलाई पाप मान्दैनौ ? किनभने ती युवावस्थामा रहून्जेल मनमा सन्तानोत्पत्ति र विषको चाहना हुनेहरूलाई कुनै राज्यनियम वा जातिनियमले रोकटोक हुँदा गुप्त–गुप्तरूपमा गलत चाल–चलन र कुकर्म भईनै रहनेछन्।

यस व्यभिचार र कुकर्मलाई रोक्ने यही एकमात्र श्रेष्ठ उपाय हो। कुनै जितेन्द्रिय रहन सक्नेले विवाह वा नियोग पनि गर्दैनन् भने राम्रै हो तर जुन यस्ता छैनन् तिनको विवाह र आपतकालमा नियोग अवश्य हुनुपर्दछ। यसबाट व्यभिचार कम हुनेछ, प्रेमपूर्वक उत्तम स्त्री र वेश्या आदि नीच स्त्रीसँग उत्तम पुरुषहरूको व्यभिचाररूप कुकर्म, उत्तम कुलमा कलंक, वंश नाश, स्त्री–पुरुषको सन्ताप र गर्भहत्या आदि कुकर्म विवाह र नियोगद्वारा हट्तछन्, यसकारण नियोग गर्नुपर्दछ।

**प्रश्न**—नियोगमा के के कुरा हुनु पर्दछ ?

**उत्तर**—जसरी प्रसिद्धिपूर्वक विवाह हुन्छ त्यस्तै प्रसिद्धिपूर्वक नियोग हुनुपर्दछ। जसरी विवाहमा भद्रपुरुषहरूबाट अनुमति र कन्या–वरको प्रसन्नता हुन्छ, त्यस्तै नियोगमा पनि हुनुपर्दछ। अर्थात् स्त्री–पुरुषको नियोग हुनुपर्ने भएमा आफ्नो कुटुम्ब पुरुषले स्त्रीहरूका अगाडि 'हामि दुबै सन्तानोत्पत्तिका लागि नियोग गर्दछौं, नियोगको नियम पूर्ण भएपछि हामी संयोग गर्नेछैनौं, हामीले अन्यथा गरेमा पापी र जाति वा



PDFill PDF Editor with Free Writer and Tools

राज्यबाट दण्डनीय होऔं, एक महिनामा एकपटक गर्भाधान गर्नेछौं र गर्भरहेपछि एक वर्षसम्म छुट्टै रहनेछौं' भन्नुपर्दछ।

**प्रश्न**—नियोग आफ्नै वर्णमा हुनुपर्दछ अथवा अन्यवर्णसँग पनि गर्नुहुन्छ?

**उत्तर**—आफ्नै वर्णमा अथवा आफूभन्दा उत्तम वर्णका पुरुषसँग हुनुपर्दछ। अर्थात् वैश्य स्त्रीले वैश्य, क्षत्रिय र ब्राह्मण पुरुषसँग, क्षत्रियाले क्षत्रिय र ब्राह्मणसँग, अनि ब्राह्मणीले ब्राह्मणसँग नियोग गर्न सक्तछन्। यसको तात्पर्य वीर्य समान वा उत्तम वर्णको हुनुपर्दछ, आफूभन्दा निम्न वर्णको हुनुहुँदैन भन्ने हो। धर्मपूर्वक अर्थात् वेदोक्त रीतिले विवाह वा नियोगबाट सन्तानोत्पत्ति गर्नु नै स्त्री र पुरुषको सृष्टिको प्रयोजन हो।

**प्रश्न**—पुरुषले नियोग गर्नुपर्ने के आवश्यकता छ र? ऊ त अर्को विवाह गर्ने छ?

**उत्तर**—द्विजमा स्त्री र पुरुषको एक पटकमात्र विवाहको विधान वेदादि शास्त्रमा छ, दोस्रो विवाहको विधान छैन भन्ने कुरा लेखिसकेको छु। कुमार र कुमारीको मात्र विवाह हुन न्याय र विधवा स्त्रीसँग कुमार केटाको तथा कुमारी कन्यासँग विधुर पुरुषको विवाह हुन अन्याय अर्थात् अधर्म हुन्छ। जसरी विधवा स्त्रीसँग कुमार पुरुष विवाह गर्न चाहँदैन त्यस्तै कुमारी पनि विवाहित स्त्रीसँग समागमा गरिसकेको पुरुषसँग विवाह गर्न चाहनेछैन। जब विवाहित पुरुषलाई कोही कुमारी कन्या र विधवा स्त्रीलाई कोही कुमार पुरुष ग्रहण गर्नेछैन, अनि पुरुष र स्त्रीलाई नियोग गर्ने आवश्यकता हुनेछ। जस्ताको साथ त्यस्तो सम्बन्ध हुनु नै धर्म पनि हो।

**प्रश्न**—जसरी विवाह गर्न वेदादिशास्त्र प्रमाण छ, त्यसैगरि नियोगका बारेमा पनि छ वा छैन?

**उत्तर**—यस विषयमा धेरै प्रमाण छन्—

**कुह स्विद्दोषा कुह वस्तोरश्विना कुहाभिपित्वं करतः कुहोषतुः।**
**को वां शयुत्रा विधवेव देवरं मर्य्यं न योषा कृणुते सधस्थ आ॥ १॥**

—ऋग्वेद, मं० १०। सू० ४०। मं० २

**उदीर्ष्व नार्यभि जीवलोकं गतासुमेतमुप शेष एहि।**
**हस्तग्राभस्य दिधिषोस्तवेदं पत्युर्जनित्वमभि सं बभूथ॥ २॥**

—ऋग्वेद मं० १०। सू० १८। मं० ८

**( अश्विना )** हे स्त्री–पुरुषहरू! **( देवरं विधवेव )** देवरलाई विधवा र **( योषा मर्यन्न )** आफ्ना पतिलाई विवाहिता स्त्रीले **( सधस्थे )** समान



स्थान शय्यामा एकत्र भएर सन्तानोत्पत्ति **( आ कृणुते )** सर्व प्रकारले उत्पन्न गरे जस्तै तिमी दुबै स्त्री–पुरुष **( कुह स्वद्दोषा )** कहाँ रात्रीमा र **( कुह वस्तः )** कहाँ दिनमा बसेका थियौ? **( कुहाभिपित्वम् )** कहाँ पदार्थहरू प्राप्ति **( करतः )** गर्यौ? र **( कुहोषतुः )** कुन समयमा कहाँ बस्तथ्यौ? **( को वां शयुत्रा )** तिमीहरूको सुत्ने ठाउँ कहाँ छ? तथा तिमी को हौ र कुन ठाउँमा बस्नेहौं? यसबाट देश विदेशमा पति र पत्नीले सँगसँगै बस्नुपर्छ र विवाहित पति जस्तै नियुक्त पतिलाई ग्रहण गरेर विधवा स्त्रीले पनि सन्तानोत्पत्ति गरिलिनु उचितै हुन्छ भन्ने कुरा सिद्ध हुन्छ।

**प्रश्न**—कसैको भाइ नै छैन भने विधवाले कोसँग नियोग गर्नुपर्छ?

**उत्तर**—देवरसँग, तर देवर शब्दको अर्थ तपाईले बुझेजस्तो होइन। हेर्नुहोस् निरुक्तमा—

**देवरः कस्माद् द्वितीयो वर उच्यते॥**

—निरुक्त अ० ३। खण्ड १५

विधवाको दोस्रो पतिलाई देवर भनिन्छ। भाइ होस् अथवा दाजु, आफ्नो वर्णको होस् अथवा आफूभन्दा उत्तम वर्णको होस्, जोसँग नियोग गरिन्छ त्यसैको नाम देवर हो।

**( नारि )** हे विधवा! तिमी **( एतं गतासुम् )** यस मरिसकेको पतिको आशा छोडेर **( शेषे )** बाँकी पुरुषमध्येबाट **( अभिजीवलोकम् )** अर्को जीउँदो पतिलाई **( उपैहि )** प्राप्त गर र **( उदीर्ष्व )** यस कुराकै निश्चय राख कि **( हस्तग्राभस्य दिधिषोः )** तिमी विधवाको पुनः पाणिग्रहण गर्ने नियुक्त पतिसंग सम्बन्धका लागि नियोग हुन्छ भने **( इदम् )** यो **( जनित्वम् )** उत्पन्न गरिएको बालक त्यसै नियुक्त **( पत्युः )** पतिको हुनेछ। अनि तिमीले आफ्नो लागि नियोग गरेमा यो सन्तान **( तव )** तिम्रो हुनेछ। यस्तो निश्चययुक्त **( अभिसम् बभूथ )** होऊ र नियुक्त पतिले पनि यसै नियमको पालन गर्नुपर्दछ।

**अदेवृघ्न्यपतिघ्नोहैधि शिवा पशुभ्यः सुयमा सुवर्चाः।**
**अदेवृघ्न्यपतिघ्नीहैधि शिवा पशुभ्यः सुयमा सुवर्चाः।**
**प्रजावती वीरसूर्देवृकामा स्योनेममग्निं गार्हपत्यं सपर्य॥**

—अथर्ववेद का० १४। अनु० २। मन्त्र १८

**( अपतिघ्न्यदेवृघ्नि )** हे पति र देवरलाई दुःख नदिने स्त्री! **( इह )** यस गृहाश्रममा **( पशुभ्यः )** पशुहरूको लागि **( शिवा )** कल्याण गर्ने **( सुयमा )** राम्ररी धर्म नियममा चल्ने, **( सुवर्चाः )** रूप र सर्वशास्त्र



PDFill PDF Editor with Free Writer and Tools

विद्यायुक्त, **( प्रजावती )** उत्तमपुत्र पौत्र आदि सहित **( वीरसूः )** शूरवीर पुत्र उत्पन्न गर्ने, **( देवृकामा )** देवरको कामना गर्ने र **( स्योना )** सुखदिने तिमी पति वा देवरलाई **( एधि )** प्राप्त भएर **( इनम् )** यस **( गार्हपत्यम् )** गृहस्थ सम्बन्धी **( अग्निम् )** अग्निहोत्रलाई **( सपर्य )** सेवन गर्ने गर।

**तामनेन विधानेन निजो विन्देत देवरः ॥**

—मनुस्मृति ९।६९

अक्षतयोनि स्त्री विधवा भएमा पति आफ्नै भाइ पनि त्यस स्त्रीसँग विवाह गर्न सक्तछ।

**प्रश्न**—एक स्त्री वा पुरुष कतिसम्म नियोग गर्न सक्तछ ? र विवाहित, नियुक्त पतिको के नाम हुन्छ ?

**उत्तर— सोमः प्रथमो विविदे गन्धर्वो विविद उत्तरः।**
**तृतीयो अग्निष्टे पतिस्तुरीयस्ते मनुष्यजाः ॥**

—ऋग्वेद मं० १०। सू० ८५। मं० ४०

हे स्त्री ! जो **( ते )** तिम्रो, **( प्रथमः )** पहिलो विवाहित **( पतिः )** पति तिमीलाई **( विविदे )** प्राप्त हुन्छ, त्यसको नाम **( सोमः )** सुकुमारता आदि गुणयुक्त हुनाले सोम, जो दोस्रो नियोगबाट **( विविदे )** प्राप्त हुन्छ त्यो **( गन्धर्वः )** एक स्त्रीसँग संभोग गर्नाले गन्धर्व, जो **( तृतीय उत्तरः )** दुईपछि तेस्रो पति हुन्छ त्यो **( अग्निः )** अतिउष्णातायुक्त हुनाले अग्निसँज्ञक र जो **( ते )** तिम्रा **( तुरीयः )** चौथो देखि एघारौंसम्म नियोगद्वारा पति हुन्छन्, ती **( मनुष्यजाः )** मनुष्य नाम गरिएका हुन्छन्। जस्तो **'इमां त्वमिन्द्र'** यस यन्त्रमा एघारौं पुरुषसम्म स्त्री नियोग गर्नसक्तछे, त्यस्तै पुरुष पनि एघारौं स्त्रीसम्म नियोग गर्नसक्तछ।

**प्रश्न**—एकादश शब्दले दश पुत्र र एघारौं पतिलाई किन नगन्ने ?

**उत्तर**—यस्तो अर्थ गर्दा **'विधवेव देवरम्', 'देवरः कस्माद् द्वितीय वर उच्यते', 'अदेवृघ्नि'** र **'गन्धर्वो विविद उत्तरः'** इत्यादि वेदप्रमाण विरूद्ध अर्थ हुनेछ। किनकि तपाईको अर्थबाट दोस्रो पति पनि प्राप्त हुन सक्तैन।

**देवराद्वा सपिण्डाद्वा स्त्रिया सम्यङ्नियुक्तया ।**
**प्रजेप्सिताधिगन्तव्या सन्तानस्य परिक्षये ॥ १ ॥**
**ज्येष्ठो यवीयसो भर्य्यां यवीयान्वाग्रजस्त्रियम् ।**
**पतितौ भवतो गत्वा नियुक्तावप्यनापदि ॥ २ ॥**
**औरसः क्षेत्रजश्चैव० ॥ ३ ॥**

—मनुस्मृति ९।५९,५८,१५९



इत्यादि कुरा मनुजीले लेख्नु भएको छ।

सपिण्ड अर्थात् पतिको ६ पुस्तामा पतिको भाइ वा दाजु वा स्वजातीय अथवा आफू भन्दा उत्तम जातिका पुरुषसँग विधवा स्त्रीको नियोग हुनुपर्दछ। तर त्यस विधुर पुरुष अथवा विधवा स्त्रीलाई सन्तानोत्पत्तिको इच्छा भएमात्र नियोग गरिनु उचितहुन्छ। अर्कोकुरा सन्तान सर्वथा क्षय भएदेखि नियोग हुनुपर्दछ। आपत्काल अर्थात् सन्तानोत्पत्तिको इच्छा हुँदा दाजुकी पत्नीसँग भाइको अथवा भाइकी पत्नीसँग दाजुको नियोग भएर सन्तानोत्पत्ति भएपछि पनि फेरि ती नियुक्त व्यक्ति परस्पर समागम गर्छन् भने तिनलाई पतित मान्नुपर्छ। अर्थात् एक नियोगमा दोस्रो सन्तानको गर्भ रहनेवेलासम्म नियोगको अवधि हो, त्यसपछि समागम गर्नुहुन्न। अनि दुबैको लागि नियोग भएकोभए चौथो गर्भसम्म अर्थात् यस्तै प्रकारले दस सन्तानसम्म हुन सक्तछन्। त्यसपछि विषयासक्ति मानिन्छ, यसबाट ती पतित मानिन्छन्। अर्थात् विवाह अथवा नियोग सन्तानका लागि गरिन्छन् पशुजस्तै कामक्रीडाका लागि होइन।

**प्रश्न**—नियोग मरेपछिमात्र हुन्छ अथवा पति जिउँदो हुँदा पनि हुन्छ ?

**उत्तर**—जिउँदो भएपनि हुन्छ—

**अन्यमिच्छस्व सुभगे पतिं मत् ॥**

—ऋग्वेद मं० १०। सू० १०। मं० १०

पति सन्तानोत्पत्ति गर्न असमर्थ छ भने उसले आफ्नी पत्नीलाई यस्तो आदेश दिनु पर्दछ—हे सुभगे ! सौभाग्य इच्छागर्ने स्त्री ! तिमी **( मत् )** म भन्दा **( अन्यम् )** अर्कै पति **( इच्छस्व )** इच्छा गर, किनभने अब म बाट सन्तानोत्पत्तिहुने आशा नगर। तब स्त्रीले अर्को व्यक्तिसँग नियोग गरेर सन्तानोत्पत्ति गर्नुपर्दछ तर त्यस विवाहित महाशय पतिका सेवामा भने तत्पर रहनुपर्दछ। त्यस्तै स्त्री पनि रोगादि दोषग्रस्त भएर सन्तानोत्पत्तिगर्न असमर्थ भए उसले आफ्नो पतिलाई यस्तो आदेश दिनुपर्दछ—हे स्वामी ! तपाई सन्तानोत्पत्तिको इच्छा म बाट त्यागेर अर्को कुनै विधवा स्त्रीसँग नियोग गरेर सन्तानोत्पत्ति गर्नुहोस्। जसरी पाण्डुराजाकी पत्नी कुन्ती र माद्री आदिले गरेका थिए र जसरी व्यासजीले चित्राङ्गद र बिचित्रवीर्य मरेपछि आफ्ना भाइका स्त्रीहरूसँग नियोग गरेर अम्बिका धृतराष्ट्र, अम्बालिकाबाट पाण्डु र दासीबाट विदुर उत्पत्ति गरेका थिए। इत्यादि इतिहास पनि प्रमाण छन्।



PDFill PDF Editor with Free Writer and Tools

**प्रोषितो धर्मकार्यार्थं प्रतिक्ष्योऽष्टौ नरः समाः।**
**विद्यार्थं यशोऽर्थं वा कामार्थं त्रींस्तु वत्सरान्॥ १॥**
**वन्ध्याऽष्टमेऽधिवेद्याब्दे दशमे तु मृतप्रजाः।**
**एकादशे स्त्रीजननी सद्यस्त्वप्रियवादिनी॥ २॥**

—मनुस्मृति ९।७६, ८१

विवाहित पति धर्मार्थ परदेश गएको भए आठवर्ष, विद्या र कीर्तिका निम्ति गएका भए ६ वर्ष र धनादि कमाउने इच्छाले गएको भए तीन वर्षसम्म पर्खेर विवाहित पत्नीले नियोग गरेर सन्तानोत्पत्ति गर्नुपर्दछ। विवाहित पति आएपछि नियुक्त पति छुट्नुपर्दछ॥ १॥ त्यस्तै पुरुषका लागि पनि यस्तो नियम छ–विवाहित पत्नी बाँझी भए आठौं अर्थात् विवाहदेखि आठ वर्षसम्म गर्भ नरहेदेखि, सन्तान भएर मरेदेखि दशौं, प्रत्येक पटक छोरी नै जन्मिएदेखि एघारौं वर्षसम्म र अप्रिय बोल्ने भए तुरुन्तै त्यस स्त्रीलाई छोडेर अर्कै स्त्रीसँग नियोग गरेर सन्तानोत्पत्ति गर्नु पर्दछ॥ २॥ त्यस्तै पुरुष अत्यन्त दुःखदायक भएदेखि स्त्रीले त्यस पुरुषलाई छोडेर अर्कै पुरुषसँग नियोग गरेर त्यसै विवाहित पतिका अंशियारबाट सन्तान उत्पन्न गर्नु उचित हुन्छ। इत्यादि प्रमाण र युक्तिहरूबाट स्वयंवर विवाह र नियोगद्वारा आ–आफ्नो कुलको उन्नति गर्नुपर्दछ भन्ने कुरा बुझिन्छ। जसरी '**औरस**' अर्थात् विवाहित पतिबाट उत्पन्न भएको पुत्र पिताको धन–सम्पत्ति आदि पदार्थको स्वामी हुन्छ त्यसैगरी '**क्षेत्रज**' अर्थात् नियोगबाट उत्पन्न भएको पुत्र पनि पिताको मृत्युपछि उसको सम्पत्तिको भोग गर्न पाउने हुन्छन्।

स्त्री र पुरुषले वीर्य र रज अमूल्य हुन्छ भन्ने कुराको हेक्का राख्नुपर्दछ। यस अमूल्य पदार्थलाई परस्त्री, वेश्या अथवा दुष्ट पुरुषहरूको सङ्गमा खेरफाल्नु महामूर्ख हुन्छन्। किनभने किसान अथवा माली मूर्ख भएपनि आफ्नो खेत अथवा बगैंचा बाहेक अरूकतै बिउ राख्दैनन्। साधारण बिउ र मूर्खको त यस्तो स्थिति छ भने सर्वोत्तम मनुष्यशरीररूपी वृक्षको बिउलाई कुक्षेत्रमा फ्याँक्ने व्यक्ति महामूर्ख भनिन्छ। किनभने त्यसको फल उसलाई मिल्दैन र '**आत्मा वै जायते पुत्रः**' यो ब्राह्मणग्रन्थहरूको वचन हो।

**अङ्गादङ्गात्सम्भवसि हृदयादधि जायसे।**
**आत्मासि पुत्र मा मृथाः स जीव शरदः शतम्॥ १॥**

—छन्दोग्य ब्राह्मण १।५।१७, १८

यो सामवेदको वचन हो। हे पुत्र! तिमी अङ्गअङ्गबाट उत्पन्न



भएका वीर्य र हृदयबाट उत्पन्न भएकाछौ। यसकारण तिमी मेरा आत्मा हौं, म भन्दा पहिले अमर एकशय वर्षसम्म बाँच। जसबाट यस्ता यस्ता महात्मा र महाशयका शरीर उत्पन्न हुन्छन् त्यसलाई वेश्या आदि दुष्ट क्षेत्रमा छर्नु अथवा दुष्ट बिउ राम्रो क्षेत्रमा छर्न लगाउनु महापाप हो।

**प्रश्न**—विवाह किन गर्ने? किनभने स्त्री–पुरुषलाई बन्धनमा परेर धेरै संकोच गर्नु र दुःख भोग्नु पर्दछ, यसकारण जोसँग जसको प्रीति हुन्छ तबसम्म ती मिलेर रहून, प्रीति छुटेपछि एकअर्कालाई पनि छोडिदेऊन्।

**उत्तर**—यो पशुपक्षीको व्यावहार हो, मानिसको होइन। मानिसमा विवाहको नियम नरहेदेखि गृहाश्रमका राम्रा व्यावहार सबै नष्ट भ्रष्ट हुनेछन्। कोही कसैको सेवागर्ने छैन। अनि महाव्यभिचार बढेर सबै रोगी, निर्बल र अल्पायु भएर छिटो–छिटो मर्नेछन्। कोही कसैदेखि भय वा लाज मान्ने छैनन्। वृद्धावस्थामा कोही कसैको सेवापनि गर्ने छैनन् र महाव्यभिचार बढेर सबै रोगी, निर्बल र अल्पायु भएर कुलका कुल नष्ट हुनेछन्। कोही कसैको धन–सम्पत्ति आदि पदार्थका स्वामी अथवा अंशभागी पनि हुनेछैनन् र कुनै पदार्थमाथि दीर्घकालसम्म कसैको स्वामित्व पनि रहनेछैन। इत्यादि दोषहरू हटाउनका निम्ति विवाह हुनु नै सर्वथा उचित हुन्छ।

**प्रश्न**—विवाह हुँदा एउटा पुरुषको एउटी स्त्री र एउटी स्त्रीको एउटै पुरुष रहने छ। यस्तोमा स्त्री गर्भवती, स्थिररोगिणी अथवा पुरुष दीर्घरोगी भए र दुबैको युवावस्था हुनाले टिक्न नसके के गर्ने नि?

**उत्तर**—यसको उत्तर नियोग विषयमा दिइसकिएको छ र गर्भवति स्त्रीसँग एकवर्ष समागम नगर्ने समयमा पुरुष वा स्त्रीले टिक्न नसक्ने भए कसैसँग नियोग गरेर त्यसका लागि पुत्रोत्पत्ति गरिदिनु पर्दछ, तर वेश्यागमन–व्यभिचार कहिल्यै गर्नुहुन्न।

सकभर अप्राप्य वस्तुको इच्छा, प्राप्तको रक्षण, रक्षितलाई वृद्धि र बढेको धन व्यय देशका उपकार गर्न खर्च गर्नुपर्दछ। सबैप्रकारले अर्थात् पूर्वोक्त तरीकाले आ–आफ्नो वर्णाश्रम व्यवहारलाई अत्यन्त उत्साह र प्रयत्नपूर्वक तन, मन, धनलाई सर्वदा परमार्थमा लगाउनु पर्दछ। आफ्ना आमा, बाबु, सासु, ससुरालाई राम्रो सेवा गर्नुपर्दछ। इष्ट, मित्र, छर–छिमेकी, राजा, विद्वान्, वैद्य र सत्यपुरुषहरूसँग प्रीति राखेर दुष्ट–अधर्मीप्रति उपेक्षा राखेर अर्थात् द्रोह छोडेर तिनलाई सुधार्ने



PDFill PDF Editor with Free Writer and Tools

प्रयत्न गर्नुपर्दछ। सकभर प्रेमपूर्वक आफ्ना सन्तानलाई विद्वान् र सुशिक्षित गर्न गराउन धनादि पदार्थहरू व्यय गरेर तिनलाई पूर्ण विद्वान् सुशिक्षायुक्त गरिदिनुपर्दछ र परमानन्द भोग्न धर्मयुक्त व्यवहार गरेर मोक्ष प्राप्तिको साधन पनि बनाउनु पर्दछ। अनि यस्ता श्लोक हरूलाई मान्नु हुन्न, जस्तै—

**पतितोऽपि द्विजः श्रेष्ठो न च शूद्रो जितेन्द्रियः।**
**निर्दुग्धा चापि गौः पूज्या न च दुग्धवती खरी॥ १ ॥**
**अश्वालम्भं गवालम्भं संन्यासं पलपैत्रिकम्।**
**देवराञ्च सुतोत्पतिं कलौ पञ्च विवर्जयेत्॥ २ ॥**
**नष्ट मृते प्रव्रजिते क्लीबे च पतिते पतौ।**
**पञ्चस्वापत्सु नारीणां पतिरन्यो विधीयते॥ ३ ॥**

यी कपोलकल्पित पाराशरीका श्लोक हुन्। दुष्टाकर्म गर्ने द्विजलाई श्रेष्ठ र श्रेष्ठ कर्म गर्ने शूद्रलाई नीच मानेमा यो भन्दा ठूलो पक्षपात, अन्याय र अधर्म अरू के होला? दूध दिने वा नदिने गाई गोठालाहरूलाई पालनीय भएजस्तै कुमाले आदिलाई गधी पालनीय हुँदैन र? यो दृष्टान्त पनि विषम छ। किनभने द्विज र शूद्र मानिस जाति हुन् भने गाई र गधी अर्कै पशु जातिका हुन्। कथंकदाचित् पशुजातिसँग दृष्टान्तमा अलिकति कुरा मिल्छ भनौं भनेपनि यसको आशय अयुक्त हुनाले यी श्लोक कहिल्यै विद्वान्हरूलाई मान्य हुन सक्तैनन्॥ १ ॥

अश्वालम्भ अर्थात् घोडालाई मारेर अथवा गवालम्भ अर्थात् गाईलाई मारेर होम गर्नु नै वेदविहित होइन भने त्यसको कलियुगमा निषेध गर्नु वेदविरूद्ध किन भएन? कलियुगमा यस नीच कर्मलाई निषेधमान्दा त्रेता आदिमा विधि मान्नुपर्ने हुन्छ। तर यस्ता दुष्टकर्म श्रेष्ठयुगमा हुनु सर्वथा असम्भव हो। वेदादिशास्त्रमा संन्यासको विधि हुनाले त्यसको निषेधगर्नु निर्मूल हो। मासु निषेधभने सधैं नै निषेध छ। देवरबाट पुत्रोत्पत्ति गर्नु वेदमा लिखिएको छ भने यो श्लोककर्ता किन व्यर्थ बोल्दछ॥ २ ॥

यदि **'नष्टे'** अर्थात् पति कुनै देश–देशान्तरमा गएको छ, घरमा स्त्रीले नियोग गर्दछे र त्यसै समय पनि आइपुग्छ भने त्यो स्त्री कसकी हुन्छे? कसैले विवाहित पतिकी हुन्छे भने हामी मान्दछौं तर यस्तो व्यवस्था पाराशरीमा त लेखिएको छैन। के स्त्रीका पाँचमात्र आपत्काल हुन्? रोगी हुनु, लडाइ हुनु आदि पाँचभन्दा बढी नै आपत्काल हुन्छन्। यसैले यस्ता–यस्ता श्लोकलाई कहिल्यै मान्नुहुन्न॥ ३ ॥



**प्रश्न**—तपाई पराशर मुनिका वचनलाई पनि मान्नु हुन्न कि कसो हो?

**उत्तर**—चाहे कसैको वचन हओस्। तर वेदविरूद्ध हुनाले मान्दैनौं। अनि यो त पराशरको वचन पनि होइन। किनभने ब्रह्मोवाच, वशिष्ठ उवाच, राम उवाच, शिव उवाच, विष्णुरुवाच, देव्युवाच इत्यादि सर्वमान्यका नामबाट यी ग्रन्थलाई सबै संसार मानोस् र आफ्नो पर्याप्त जीविका पनि हओस् भनेर नै उनको नाम लेखेर ग्रन्थ रचना गर्दछन्। यसकारण अनर्थ गाथाले भरिएको ग्रन्थ बनाउँछन्। कुनै कुनै प्रक्षिप्त श्लोकहरूलाई छोडेर मनुस्मृति नै वेदानुकूल छ, अरू स्मृति वेदानुकूल छैनन्। यस्तै अन्य जालग्रन्थहरूका व्यवस्था बुझ्नु पर्दछ।

**प्रश्न**—गृहाश्रम सबैभन्दा सानो वा ठूलो कुन स्तरको आश्रम हो?

**उत्तर**—आ–आफ्ना कर्त्तव्य–कर्ममा सबै आश्रम ठूला छन्। तर—

**यथा नदीनदाः सर्वे सागरे यान्ति संस्थितिम्।**
**तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम्॥ १ ॥**
**यथा वायुं समाश्रित्य वर्त्तन्ते सर्वजन्तवः।**
**तथा गृहस्थमाश्रित्य वर्त्तन्ते सर्व आश्रमाः॥ २ ॥**
**यस्मात् त्रयोऽप्याश्रामिणो दानेनान्नेन चान्वहम्।**
**गृहस्थेनैव धार्य्यन्ते तस्माज्जयेष्ठाश्रमो गृही॥ ३ ॥**
**स संधार्यः प्रयत्नेन स्वर्गमक्षयमिच्छता।**
**सुखं चेहेच्छता नित्यं योऽधार्यो दुर्बलेन्द्रियः॥ ४॥**

—मनुस्मृति ६। ९०, ३। ७७–७९

जसरी नदी र ठूल्ठूला नदी समुद्रलाई प्राप्त नभएसम्म हिंडिरहन्छन्, त्यस्तै सबै आश्रममा बस्नेहरू गृहस्थालाई प्राप्त भए पछि स्थिर हुन्छन्॥ १ ॥ जसरी वायुका आश्रयबाट सबै जीवको वर्तमान सिद्ध हुन्छ, त्यस्तै गृहस्थकै आश्रयले सबै आश्रम स्थिर रहन्छन्, यस आश्रमविना कुनै आश्रमको कुनै व्यवहार सिद्ध हुँदैन॥ २ ॥

गृहस्थले नै ब्रह्मचारी, वानप्रस्थ र संन्यासी गरी तीन आश्रमलाई प्रतिदिन दान र अन्न आदि दिएर धारण गर्ने हुनाले गृहस्थ जेठो आश्रम हो। अर्थात् सबै व्यावहारमा धुरन्धर भनिन्छ॥ ३ ॥ यस कारण मोक्ष र संसारका सुख इच्छा गर्नेले प्रयत्नपूर्वक गृहाश्रम धारण गर्नुपर्दछ॥ ४॥

यसकारण संसारमा भएभरका व्यवहारको आधार गृहाश्रम हो। यो गृहाश्रम नभएकोभए सन्तानोत्पत्ति नहुनेले ब्रह्मचर्य, वानप्रस्थ र



PDFill PDF Editor with Free Writer and Tools

संन्यास आश्रम कहाँबाट हुन सक्तथे र ? गृहाश्रमको निन्दागर्ने निन्दनीय र प्रशंसागर्ने प्रशंसनीय हुन्। तर स्त्री–पुरुष दुबै परस्पर प्रसन्न, विद्वान्, पुरुषार्थी र सबै किसिमका व्यवहार जान्ने भएमात्र गृहाश्रममा सुख हुन्छ। यसकारण गृहाश्रमका सुखको मुख्यकारण ब्रह्मचर्य र पूर्वोक्त स्वयंवर विवाह हो।

यो संक्षेपमा समावर्त्तन, विवाह र गृहाश्रमको विषयमा शिक्षा लिखियो। यसपछि वानप्रस्थ र संन्यास विषयमा लेखिने छ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे सुभाषाविभूषिते समार्त्तनविवाहगृहाश्रमविषये चतुर्थः समुल्लासः सम्पूर्णः॥ ४॥**



# अथ पञ्चम–समुल्लासः

## अथ वानप्रस्थ–संन्यासविधिं वक्ष्यामः

**ब्रह्मचर्य्याश्रमं समाप्य गृही भवेत् गृही भूत्वा वनी भवेद्वनी भूत्वा प्रव्रजेत्॥** —शतपथ कां० १४॥

मानिसले ब्रह्मचर्य्याश्रम समाप्त गरेर गृहस्थ भएर वानप्रस्थ भई सन्यासी हुनु उचित हुन्छ, अर्थात् यसै अनुक्रम आश्रमका विधान छन्।

**एवं गृहाश्रमे स्थित्वा विधिवत्स्नातको द्विजः।**
**वने वसेत्तु नियतो यथावद्विजितेन्द्रियः॥ १॥**
**गृहस्थस्तु यदा पश्येद् वलीपलितमात्मनः।**
**अपत्यस्यैव चापत्यं तदारण्यं समाश्रयेत्॥ २॥**
**संत्यज्य ग्राम्यमाहारं सर्वं चैव परिच्छदम्।**
**पुत्रेषु भार्यां निक्षिप्य वनं गच्छेत् सहैव वा॥ ३॥**
**अग्निहोत्रं समादया गृह्यं चाग्निपरिच्छदम्।**
**ग्रामादरण्यं निःसृत्य निवसेन्नियतेन्द्रियः॥ ४॥**
**मुन्यन्नैर्विविधैर्मेध्यैः शाकमूलफलेन वा।**
**एतानेव महायज्ञान् निर्वपेद्विधिपूर्वम्॥ ५॥**

—मनुस्मृति ६। १। ५

यसरी स्नातक अर्थात् ब्रह्मचर्याश्रमपूर्वक गृहाश्रममा बस्ने द्विज अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्यले गृहस्थाश्रम पूर्ण गरेर निश्चितात्मा र जितेन्द्रिय भएर वनमा बस्नुपर्छ॥ १॥ आफ्ना केश फुलेका र छाला चाउरी परेको देखेपछि तथा छोराका पनि छोरा भए पछि गृहस्थले वनमा गएर बस्नुपर्दछ॥ २॥ गाउँघरका सबै आहार–विहार र लत्ता–कपडा आदि असल खाने लाउने आदि पदार्थहरू छोडेर, पत्नीलाई छोराहरू जिम्मा लगाएर अथवा सँगै लिएर वनमा गई बस्नुपर्दछ॥ ३॥ साङ्गोपाङ्ग अग्निहोत्र साधन लिएर गाउँबाट निक्ली, दृढेन्द्रिय भएर वनमा गई बस्नुपर्दछ॥ ४॥ नानाकिसिमका सावधान, नीवार आदि अन्न, राम्रा राम्रा सागपात, कन्दमूल, फलफूल आदिबाट पूर्वोक्त पञ्चमहायज्ञ गर्नेगर्नुपर्छ र त्यसैबाट अतिथिसेवा, अनि आफ्नो निर्वाह पनि गर्नुपर्छ॥ ५॥

PDFill PDF Editor with Free Writer and Tools